जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक १९, २०७८ साल मंसिर २४ गते शुक्रबार, नेपाल संवत् ११४२ (Dec. 10, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## बुद्ध एयरको नयाँ अफर

काठमाडौं । बुद्ध एयरले नवविवाहित दम्पतीलाई शुभकामनासहितको अफर ल्याएको छ । कम्पनीले जनाएअनुसार आफ्नो विमानबाट यात्रा गर्ने बेहुलाबेहुली जोडीलाई पोखराको दुईतर्फी टिकट उपहार दिने भएको हो । यसको लागि बेहुलाबेहुलीसहित बुद्ध एयरको विमानमा यात्रा गरेको तस्बिर बुद्ध एयरको सामाजिक सञ्जालमा ट्याग गर्नुपर्ने कम्पनीले जनाएको छ । बुद्धले हालै प्रकाशित प्रेस विज्ञप्तिमार्फत उक्त कुरा जनाएको छ ।

## कोरोनाविरूद्धको खोप लगाइँदै

काठमाडौं । सरकारले काठमाडौं उपत्यकाका तीन जिल्लामा कोरोनाविरुद्धको खोप लगाउने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक सूचना जारी गर्दै १८ वर्षभन्दा माथिका खोप नलगाएका सबैले जति सक्दो छिटो खोप लगाउन आग्रह गरेको छ ।

भेरोसेल, कोभिसिल्ड र एस्ट्राजेनिकाको खोप दिइनेछ । बिहान १० बजेदेखि ३ बजेसम्म पायक पर्ने खोप केन्द्रमा गएर खोप लगाउन सकिने बाँकी ८ पेजमा

# कांग्रेस महाधिवेशन : नीतिबिनाको नेतृत्व

**कांग्रेस महाधिवेशन**

काठमाडौं । मौसम जति चिसिँदै छ, राजनीतिक दलहरूको महाधिवेशनको तापक्रम भने झनै बढ्दै छ । माले, एमाले, राप्रपाले महाधिवेशन सकाएका छन् । माले र एमालेमा चिरपरिचित पुरानै नेतृत्व पुनः नेतृत्वमा दोहोरिएका छन् । दक्षिणपन्थी धारको नेतृत्व गरिरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीमा भने सदावहार नेतृत्व परिवर्तन भएको छ । झन्डै डेढ दशक राप्रपाको अध्यक्ष रहेका कमल थापालाई राजेन्द्र लिङदेनले भारी मतान्तरले पछारिदिएका छन् । राप्रपामा पुस्तान्तरण भए पनि अन्य दलहरूमा भने आर्यघाट नपुगुन्जेलसम्म नेतृत्व नछाड्ने नेताहरू देखिएका छन् । चाहे मालेका सीपी मैनाली हुन् या एमालेका केपी शर्मा ओली अथवा कांग्रेसका शेरबहादुर देउवा पार्टी नेतृत्व नयाँ पुस्तामा हस्तान्तरण गर्न विल्कुलै चाहँदैनन् । आफूलाई क्रान्तिकारी र ऐतिहासिक परिवर्तनका एजेन्डा संविधानसभा, गणतन्त्र, संघीयता र समावेतिाको हकदार ठान्ने माओवादी केन्द्रको पनि हालचाल उही छ । अध्यक्ष प्रचण्ड अरु कसैलाई नेतृत्व हस्तान्तरण गर्ने मुडमा छैनन् । माओवादी केन्द्रले पुसमा राष्ट्रिय सम्मेलन गर्दैछ ।

महाधिवेशन भनेको सम्बन्धित पार्टीको आन्तरिक मामिला मात्र होइन । राजनीतिक दलहरूले के कस्ता मानिसहरूलाई संगठनमा उतार्छन् भन्ने चासो आम जनताले राखेका हुन्छन् । राजनीतिक दलहरू प्राइभेट कम्पनी होइनन्, सबैका साझा हुन् । जबसम्म राजनीतिक दलमा निष्ठावान र शुद्ध मानिस हुँदैनन्, जनहितकारी जनप्रतिनिधिहरू पनि चयन हुन सक्दैनन् । किनकि निकट समयमा स्थानीय तह प्रदेश तह तथा संघीयताको निर्वाचन हुँदा उम्मेदवार बन्ने भनेका राजनीतिक दलको संगठनमा रहनेहरू नै हुन् । एमालेको दशौं महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीले स्थानीयदेखि प्रदेशसम्मका संगठनहरूमा सर्वसम्मतका नाममा




आन्तरिक लोकतन्त्रलाई करिब करिब निषेध नै गरे । व्यापक दबाबपछि केन्द्रीय समितिका नाममात्रैको निर्वाचन गराए । आफूले इच्छाएका व्यक्ति (एसम्यान) लाई संगठनमा स्थापित गर्ने र निष्कन्टक नेतृत्व गरिरहने डिजाइनअन्तर्गत एमाले अध्यक्ष ओलीले आन्तरिक लोकतन्त्रलाई सहमति र सर्वसम्मतिको नाममा निषेध गरेको सहज बुझ्न सकिन्छ । ओलीले स्थानीयदेखि प्रदेश तहसम्मका संगठनहरूमा पुराना, समर्पित, त्यागी र निष्ठावान कार्यकर्ताहरूलाई जसरी बेवास्ता गरेर आफूप्रति अनुग्रहितहरूको झुन्डलाई संगठनको नेतृत्वमा स्थापित गरेका छन, त्यसको मूल्य एमालेले आगामी, निर्वाचनमा अवश्य चुकाउनुपर्ने विश्लेषण गरिँदैछ ।

सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेसको १४ औं महाधिवेशन भोलिदेखि २७ गतेसम्म काठमाडौंमा सम्पन्न हुँदैछ । गत भदौ १६ देखि आन्तरिक निर्वाचनको चरणमा प्रवेश गरेको कांग्रेसले वडा, नगरपालिका, प्रदेश, जिल्लाको निर्वाचन प्रक्रियाद्वारा संगठन सञ्चालकहरूको छनोट गरिसकेको छ । केही अपवादबाहेक सबै तहमा निर्वाचन प्रक्रिया अपनाइएको थियो । निर्वाचनको क्रममा संस्थापन पक्ष र इतरपक्ष दुईवटा समूह प्रतिस्पर्धामा उत्रिए । धेरै ठाउँमा चुनाव जित्नका लागि पैसाको खोलो बगाइयो । गुटको नेतालाई पैसा दिएर उम्मेदवार बन्ने र प्रतिनिधिहरूलाई पैसाले किन्ने होडबाजी देखियो जसले धेरै पैसा दिन्छ उसैलाई उम्मेदवार बनाए दुवै पक्षले । पार्टीभित्र आफ्नो पकड बलियो बनाइ केन्द्रीय सभापति पदमा बाजी मार्न दुवै समूहले ठेकेदार डन, दलाल र तस्करहरू समेतलाई संगठनमा हुलेका छन् ।

आन्तरिक लोकतन्त्रका नाममा पैसावालहरूलाई प्रतिस्पर्धामा उतारेको कांग्रेसले म्यानपावर व्यवसायी, जग्गा दलाल र व्यापारीहरूलाई अधिकांश वडा, पालिका र नगरमा जिम्मा लगाएको छ । निकट भविष्यमा हुने स्थानीय निर्वाचनमा टिकट लिनका लागि उनीहरूले अथाह पैसा खर्च गरेर कांग्रेसका स्थानीय संगठनहरू कब्जामा लिएका हुन् । डेढ दर्जन बढी जिल्ला सभापतिहरू रजनीतिक बाँकी ८ पेजमा

## एमालेले संसद चल्न नदिने

काठमाडौं । नेकपा एमालेले एउटालाई हटाएर अर्को व्यक्तिलाई ल्याउँदैमा न्यायालयमा सुधार नआउने भन्दै प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई हटाउने पक्षमा नरहेको बताएको छ ।

प्रेस चौतारी नेपालले आयोजना गरेको पत्रकारसँगको अन्तरक्रियामा एमाले उपमहासचिव प्रदीप ज्ञवालीले प्रधानन्यायाधीश हटाउने या नयाँ बनाउने खेलमा एमाले नरहेको बताए । उनले न्यायालयमा नेतृत्व परिवर्तनले मात्र समस्याको समाधान नहुने बताउँदै न्यायपालिकामा आमूल परिर्वतन जरुरी रहेको उल्लेख गरे ।

सर्वोच्च अदालतबाट एमाले सबैभन्दा पीडित भएको भन्दै ज्ञवालीले प्रधानन्यायाधीशको राजीनामा माग्दै न्यायाधीश र कानुन व्यवसायीले गरेको आन्दोलनका एजेन्डाबाट न्यायालयको सुधार नहुने बताए । उनले एमाले न्यायिक नेतृत्व हटाउने या राख्ने खेलमा सहभागी नहुने भन्दै स्वतन्त्र र सक्षम न्यायपालिकाको एजेन्डा उठाउनेलाई मात्र समर्थन रहने बताए । बाँकी ८ पेजमा

## खोपले काम गर्छ : डब्लूएचओ

काठमाडौं । अहिले प्रयोगमा आइरहेका खोपहरूले नै कोभिडको नयाँ भेरियन्ट ओमिक्रोनलाई काम गर्ने विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले जनाएको छ ।

अहिले प्रयोग भइरहेका खोपले ओमिक्रोन भेरियन्टबाट संक्रमित भए पनि गम्भीर बिरामी हुनबाट जोगाउने डब्ल्यूएचओका आपतकालीन निर्देशक डा माइक रायनले बताएका छन् । प्रचलित खोपले सबै भेरियन्टका संक्रमितलाइ अस्पताल जानबाट जोगाउने उनको भनाइ छ । दक्षिण अफ्रिकामा ओमिक्रोन सक्रमितहरूमा गरिएको एउटा ल्याब परीक्षाणमा अहिले प्रयोगमा आएकै खोपले काम गर्ने देखिएको हो ।

यसैबीच अमेरिकाका स्वास्थ्य अधिकारीले व्यापक रूपमा फैलिरहेको ओमिक्रोन भेरिएन्ट यसअघिको डेल्टाभन्दा कम खतरनाक रहेको प्रारम्भिक नतिजाले बाँकी ८ पेजमा

## खाद्य कम्पनीमा भ्रष्टाचार

काठमाडौं । उपभोक्तालाई झुक्यार कुहिएको बास्मती चामल बिक्री गर्ने खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई कारबाही नगरी सरकार मौन बसेको छ ।

खाद्य कम्पनी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अन्तर्गतको हो । कम्पनीको सञ्चालक समितिको अध्यक्ष मन्त्रालयको सचिव रहने व्यवस्था हुन्छ । कम्पनीले मनपरी गर्दा कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई विभागीय मन्त्रालयले समेत कारबाही गर्न सक्छ । तर, मन्त्रालयले कारबाही गर्नुको साटो उनीहरूलाई नै प्रोत्साहित गर्ने गरेको छ ।

सरकारले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री नियुक्त गर्न नसक्दा सो मन्त्रालयको जिम्मेवारी स्वयं प्रधानमन्त्री शेरबहादुर देउवाले समालिरहेका छन् । विभागीय मन्त्री नै प्रधानमन्त्री हुँदा पनि नष्ट गर्न राखेको चामल दुर्गम जिल्लाका जनतालाई बिक्री गर्न कर्मचारीलाई




कारबाही नहुनु दुर्भाग्य हो ।

कम्पनीमा मनपरी गर्ने कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई समेत कारबाही गर्ने अधिकार सञ्चालक समितिका अध्यक्ष, मन्त्रालयका सचिवलाई हुन्छ । विभागीय मन्त्रालयसमेत कम्पनीको बेथितिलाई मुखदर्शक भएर बसेको छ । विभागीयमन्त्री नै प्रधानमन्त्री देशको हुँदा पनि कुहिएको चामल दुर्गम जिल्लाका लिएर बिक्री गर्ने खाद्य कम्पनीलाई कारबाही नहुनु भनेको गलत काम गर्न प्रोत्साहित गर्नु हो । बाँकी ८ पेजमा

## ६ निर्माण कम्पनी कालोसूचीमा

काठमाडौं । सरकारले ६ वटा निर्माण कम्पनीलाई कालोसूचीमा राखेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको बुधबार बसेको बैठकले आजदेखि लागू हुनेगरी ६ निर्माण कम्पनीलाई तीन वर्षदेखि एक वर्षका लागि कालोसूचीमा राख्ने निर्णय गरेको कार्यालयद्वारा आज जारी सूचनामा उल्लेख छ ।

कालोसूचीमा परेको कम्पनीमा काठमाडौंका निलगिरि निर्माण सेवा, एलिट कन्स्ट्रक्सन कम्पनी, च्याङ्गासी निर्माण सेवा, एसएसएम कन्स्ट्रक्सन प्रालि र बाँकेका त्रिदेव निर्माण सेवा तथा एसएनसी निर्माण सेवा प्रालि रहेका छन् ।

सम्झौता अनुसार निर्माण सम्पन्न नगरेकाका कारण सार्वजनिक खरिद ऐन, २०६३ को बाँकी ८ पेजमा

## सन्दकपुरमा एसएसबीको दादागिरी

काठमाडौं । स्थानीय तहको संरचना निर्माणपछि देशकै पर्यटकीय गन्तव्य मानिएको सन्दकपुर डाँडामा सन्दकपुर गाउँपालिकाले निर्माण गर्न थाल्यो । तर, भ्युटावर निर्माणमा पनि एसएसबीले रोक लगायो । त्यो भ्युटावर बन्दै गरेको जग्गा नेपालकै हो तर एसएसबीले आफ्नो भन्दै रोक लगायो । गत वर्ष नेपाल भारत पूर्वी सीमावर्ती क्षेत्रमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले जबरजस्ती पिलर गाढेको थाहा पाएपछि स्थानीयले रोक लगाए । सूर्योदय नगरपालिकाको हिलेभञ्ज्याङमा एसएसबीले राति पिलर गाढेको थाहा पाएपछि त्यहीं पुगेर बाँकी ८ पेजमा

## दशौं स्मृति सभा सम्पन्न



काठमाडौं । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका महान नेता कमरेड किम जोङ इलको दशौं स्मृति दिवस नेकपा (माले) को पार्टी कार्यालयस्थित सभाहलमा एक समारोहको आयोजना गरी मनाइयो । ६ डिसेम्बरका दिन नेपालमा रहेका उत्तर कोरियाका मित्रहरू तथा जुछे विचारधाराका अनुयायीहरूको सहभागितामा भएको स्मृति सभाको अध्यक्षता माले महासचिव सीपी मैनालीले गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा प्रजग कोरियाका महामहिम राजदूत जो योङ मानको उपस्थिति रहेको थियो । बाँकी ८ पेजमा

## मन्त्रीकी बुहारी उपाध्यक्षमा



महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीले बुहारीलाई समाज कल्याण परिषद्को उपाध्यक्षमा नियुक्ति गरेकी छन् । मन्त्रिपरिषद्ले रेग्मीको सिफारिसमा उनकी बुहारी मोनिका भट्टराई अधिकारीलाई परिषद्को उपाध्यक्षमा नियुक्त गरेको हो ।

भट्टराई रेग्मीका छोरा विजय अधिकारीकी पत्नी हुन् । विजयले पनि अहिले मन्त्रीको 'सल्लाहकार' का रुपमा मन्त्रालयमा काम गरिरहेका छन् । विजय र मोनिका दुवै केही समयअघि मात्रै अमेरिकाबाट नेपाल फर्किएका थिए । विजयको चितवनस्थित भरतपुर क्यान्सर अस्पताल अगाडि फार्मेसी सञ्चालनमा छ । बाँकी ८ पेजमा

## भगवान् रामको राजनीतिक रहस्य

**समय सन्दर्भ**

● मनोज कुमार कर्ण

नेपालमा हामीले जानेबुझे अनुसार कहिल्यै स्थिर राज्यसत्ता रहेन र राजनीति पनि स्थिर रहेन भन्दा अतिशयोक्ति नहोला । सरकार त झन हामीले केही दिन, महिना वा सालमा परिवर्तन भएको कटु अनुभव छ । के सुशासन वा दीर्घ शासनसत्ताको लागि दुई-तिहाई बहुमतको नै सरकार चाहिन्छ ? हामी त्रेतायुगका अति प्रशिद्ध राजा तथा हिन्दू धर्मका सातौं तथा पूर्ण सुखमय विष्णुको अवतार सबैले मान्ने तथा स्वयं श्रीरामले सबैलाई भन्नुभए अनुसार उनै श्रीरामको राजनीतिलाई एकक्षण धर्मलाई गौण राखेर हरेक मनुष्यले अध्ययन गरौं ताकि उनका स्थिर राज्यबारे हामीले रहस्य जान्नेछौं ।

भनिन्छ, उनले रावण बध गरी त्यसबेलाको एघार हजार वर्ष आजको कलियुगमा एघार लाख भन्दा एघार वर्ष उनले सुखपूर्वक निष्कंटक राज्य गरेका थिए । उनी सातद्वीपका अधिपत्य जितेका थिए । उनको अयोध्या राज्यमा कहिल्यै अकाल परेन, चोरी भएन,



कसैको अकाल मृत्युभएन, अतिवृष्टि, अनावृष्टि, मुसो वा पक्षीबाट खेतीका नाश, राज्यद्रोहले विपत्ति आएन, कोही दरिद्र, चिन्तातुर वा रोगपीडित भएन, कोहीपनि उनको राज्यमा भिखारी, दुराचारी, पापी, क्रुर, क्रोधी र कृतध्न भएनन् ।

दण्डकवन निवासी नृसिंह मुनिका पुत्र श्रीरामदासले आफ्ना शिष्य श्रीविष्णुदासलाई सुनाएका कथालाई उद्धरणगर्दै शिवजी माता पार्वतीलाई भन्नुहुन्छ कि एक दिन श्रीमान् रामले एकान्तमा लव, कुश, लक्ष्मण, भरत तथा शत्रुध्नलाई बोलाएर राजनीतिबारे यसरी शिक्षा दिए - हे कुश ! म बैकुण्ठ गईसकेपछि तिमि नै राजा बन्नेछौं । राजालाई चिरकालसम्म यस संसारमा जिवित रह्न कहिल्यै झुठ बोल्नु हुंदैन र सुखी रह्न कामी र क्रोधी हुनुहुंदैन । राजाले परायी स्त्रीसंग प्रेम गर्नुहुंदैन । सत्य, शौच (पवित्रता), दया, क्षमा, स्वभावमा कोमलता, मीठो बोली, ब्राम्हण-गौ-संत तथा सज्जनप्रति श्रद्धा सात गुण राजाको लागि परमकल्याणकारी हुन् भने सात दोष निद्रा, आलस्य, मद्यपान, द्यूत (जुआ), वेश्यासंग प्रेम, बढी खेलकूद र शिकार गर्नु हुन् । प्रजालाई पुत्रसमान पालन, आम्दानीको षष्ठांशमात्र कर लिनु, गुप्तचरद्वारा देशभरीको समाचार लिईरह्नु, अन्य राज्यको सूचना संकलनको लागि २-२ वा ५-५ गुप्तचर वेष बद्लेर खटाउनुपर्छ । आफ्ना दूतबाहेक अन्यको विश्वास गर्नुहुंदैन ।

समयानुकूल साम, दाम, दण्ड, भेद प्रयोग गरि आफ्नो कार्य सम्पादन गर्ने, जुन कार्य मनमा सोचेको हो त्यसलाई कसैलाई नभन्ने तर स्वयं कार्य गरिरह्ने, नोकरको विश्वासमाथि राजकाज नछोड्ने, प्रतिमास खजानाको स्वयं निरिक्षण, सलियाना मंत्रीका साथ देशको सुरक्षार्थ बनाइएका खाल्डाको निरिक्षण, ४-४ महिनामा शस्त्र, सडक तथा बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** – तेजेन्द्र प्रसाई

**प्रबन्ध सम्पादक** – कृष्णराज दुलाल

**प्रबन्ध निर्देशक** – किरण थापा

**अतिथि सम्पादक** – विष्णु भट्टराई

**सहसम्पादक** – घनश्याम ओली

**बजार व्यवस्थापन** – रामशरण रिमाल

**सम्पादन सहयोगी** – गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### फेरि ओमिक्रोनको सन्त्रास

विश्वलाई आतंकित तुल्याउँदै आएको कोरोना भाइरसको नयाँ प्रजाति ओमिक्रोन नेपालमा पनि प्रवेश गरेको छ । डेल्टा प्रजातिभन्दा निकै खतरनाक मानिएको ओमिक्रोन सर्वप्रथम दक्षिण अफ्रिकामा फेला परेको थियो । कैयन देशले अफ्रिकी मुलुकहरूबाट नयाँ प्रजातिको यो भाइरस भित्रिन नदिन आवश्यक तयारी गरिसकेका छन् । तर नेपालमा भने अफ्रिकाबाटै आएका ६६ वर्षीय नागरिक र उनको सम्पर्कमा रहेका ७१ वर्षीयमा ओमिक्रोन संक्रमण देखियो । अफ्रिकी नागरिक हवाई नाकाबाटै नेपाल प्रवेश गरेका हुन् । ओमिक्रोनको खतरा जहाँबट छ भनिएको थियो त्यहीँबाट यो भित्रिएको छ । यद्यपि दुवै अफ्रिकी नागरिकहरूको पिसिआर रिपोर्टले अहिले उनीहरू संक्रमणमुक्त भइसकेका छन् । यदि आवश्यक तयारी राज्यले गरेको भए ओमिक्रोन नेपाल प्रवेश गर्न पाउँदैनथ्यो । संक्रमितहरू संक्रमणमुक्त भए पनि आम मानिसहरू भने ओमिक्रोनको डरले चिन्तित देखिएका छन् । मानव गतिविधिसँगै संक्रमण हुन सक्ने भएकाले सकेसम्म सुरूमै सावधानी अपनाउन सकिएन भने देशभित्र यो व्यापक हुन्छ । विश्वका ३५ देशमा फैलिएको ओमिक्रोन कोरोना ५ सय ७४ जनामा पुष्टि भइसकेको छ । यसको संक्रमण गति तीव्र भएका कारण परिस्थिति भयावह बन्न पनि सक्छ ।

अहिले मौसम चिसो छ । यस्तो मौसम आफैंमा जोखिमयुक्त हुन्छ । चिसो मौसममा वायु प्रदूषण पनि उच्च हुन्छ । सर्वसाधारणका लागि यो आफैंमा जोखिमयुक्त विषय हो । त्यसमा पनि नयाँ प्रजातिको कोरोना थपिएपछि जीवन थप कष्टकर हुने निश्चित छ । कोरोना विषाणुको स्वरूप परिवर्तन भइरहेको छ । त्यसले थप चुनौती सिर्जना गरिरहेको छ । यो चुनौतीबाट जोगिन आम नागरिकले पनि स्वास्थ्य सावधानी अपनाउन त्यत्तिकै जरूरी छ । मास्क, सेनिटाइजरको प्रयोग र सामाजिक दूरी कायम गर्दै होसियारी अपनाउन सकिएन भने डेल्टा भेरियन्टले पुऱ्याएको क्षतिभन्दा ओमिक्रोनले बढी क्षति पुऱ्याउन सक्छ । कोरोनाबाट बच्ने उत्तम उपाय खोप नै हो । अन्य मुलुकहरू 'बुस्टरडोज' लगाउन थालिसकेका छन् । तर नेपालमा भने २९ प्रतिशत नागरिकले मात्र खोप लगाउन पाएका छन् । खोपको गति सुस्त छ । भएकै खोप पनि सरकारले व्यवस्थापन गर्न सकेको छैन । यस्तो अवस्थामा अतिरिक्त खोप 'बुस्टरडोज' को चर्चा भइरहे पनि लगाउने तयारी भने शून्य छ । अग्र मोर्चामा रहेर काम गर्ने, दीर्घरोगी र जेष्ठ नागरिकका निम्ति खोपको सोच बनाउन ढिला भइरहेको छ ।

ओमिक्रोन भाइरसका बिरामीमा अहिलेसम्म गम्भीर लक्षण नदेखिए पनि जेष्ठ नागरिक, दीर्घरोगी आदिलाई असर पार्ने भएकाले सजग हुनुपर्ने अवस्था छ । यस अघिका घटनाक्रमबाट पाठ सिक्दै आवश्यक सावधानी उपाय अवलम्बन गर्न जरूरी छ । सर्ने दर बढी भएका कारण स्वास्थ्य मापदण्डको कडाइका साथ पालना गर्नैपर्छ । कोरोनाले यसअघि ठूलो क्षति पुऱ्याइसकेको छ । सर्वसाधारणको जीविकामै संकट उत्पन्न गराइसकेको छ । कैयनले आफ्नो व्यवसाय गुमाएका छन् । आम्दानीको स्रोत गुमाउँदा अहिलेसम्म समस्या व्यहोरिरहेका छन् । यसकारण फेरि लकडाउन गरेर जनजीवनलाई ठप्प पार्ने अवस्था आउन नदिन सरकार र सर्वसाधारण सबैले उच्च सतर्कता अपनाउन जरूरी छ । खोपलाई आम जनजीवनसम्म पुऱ्याउन सरकारको गति तीव्र हुनु आवश्यक छ ।

# यो कुरा अब देशभक्त नेपालीहरूले नबुझे देश रहने छैन्



**सुरेन्द्र ढकाल**

पहिलो र दोस्रो विश्वयुद्धको कारण खासमा व्यापारिक स्वार्थ नै थियो । आफ्नो देशले उत्पादन गरेको वस्तु विश्वका सबै देशहरूमा लगेर बेच्ने क्रममा नै बेलायत, फ्रान्स, स्पेन र पोर्चुगलले झण्डै सबैजसो एसिया, अफ्रिका र अमेरिकी महादेशका देशहरूलाई आफ्नो उपनिवेश बनाएका थिए ।

बेलायतले भन्ने हो भने पूर्वमा न्यूजिलैण्डदेखि अर्को गोलार्द्धको देश अमेरिकासम्मलाई आफ्नो उपनिवेश बनाएको थियो । त्यसै कारण बेलायत साम्राज्यमा सूर्य कहिले अस्ताउँदैन भन्थे जुन सत्य पनि थियो । जब बेलायत र फ्रान्सको औपनिवेशिक एकाधिकार तोड्न पहिले जर्मन र पछि गएर जापान र इटली उद्दत भए पहिलो र दोस्रो युद्ध विश्वले देख्नु पर्‍यो । बेलायतले नेपाललाई पनि उपनिवेश बनाउन खोजेको थियो तर सकेन । नेपालका राणा शासकहरू बेलायतका मित्र भएका हुँदा शत्रुता नभए तापनि नेपालले बेलायतको पक्ष लागेर दुवै विश्वयुद्ध लडेको थियो । दोस्रो विश्वयुद्धताका अमेरिका र तत्कालिन सोभियत युनियन तटस्थ थिए तर पर्ल हार्वरमा जापानले अमेरिकी व्यापारिक समुद्री वेडामाथि आक्रमण गरेपछि अमेरिका पनि बेलायत र फ्रान्सको पक्ष लिँदै युद्धमा होमियो ।

**विश्वका केही देशले अमेरिकाद्वारा नेतृत्व गरिएको पुँजीवादी खेमा रोजे, केहीले सोभियत संघले नेतृत्व गरेको समाजवादी खेमा रोजे तर धेरै राष्ट्रहरू जस्ले दुवै खेमामा आफूलाई उभ्याउन चाहेनन् तिनीहरूले आफूलाई असलंग्न राष्ट्रै कहलाउन थाले ।**

सन १९४५ को अगष्ट महिनामा अमेरिकाले दुई परमाणु बम जापानको हिरोशिमा र नागाशाकी खसाली ४ लाख जापानीको ज्यान लिएपछि जापानले आत्मसमर्पण गर्‍यो भने युरोपमा तत्कालिन सोभियत युनियन र अमेरिका दुबैले जर्मनको विपक्ष युद्धमा सामेल भएपछि जर्मन पनि विध्वंश भयो । यस युद्धको परिणामसँगै अमेरिका र सोभियत संघ विश्व महाशक्तिको रुपमा उदाए । बेलायत र फ्रान्सको दिन गए । उनीहरूले उपनिवेश बनाएका एसिया, अफ्रिका र अमेरिकी महाद्विप देशहरू धमाधम स्वतन्त्र हुन पुगे ।

यी स्वतन्त्र हुन पुगेका राष्ट्रहरूलाई आफ्नो पक्षमा पार्ने होडबाजी अमेरिका र सोभियत संघ बीचमा शुरु हुँदा विश्व शीत युद्धको अर्को महामारीमा फस्यो । विश्वका केही देशले अमेरिकाद्वारा नेतृत्व गरिएको पुँजीवादी खेमा रोजे, केहीले सोभियत संघले नेतृत्व गरेको समाजवादी खेमा रोजे तर धेरै राष्ट्रहरू जस्ले दुवै खेमामा आफूलाई उभ्याउन चाहेनन् तिनीहरूले आफूलाई असलंग्न राष्ट्रै कहलाउन थाले ।

यी राष्ट्रहरूले अमेरिका र सोभियत संघसँगको आफ्नो सम्बन्धलाई समदुरीमा राखेका थिए । तर अमेरिकाले समाजवाद ध्वस्त गरी विश्वमा आफ्नो प्रभुत्व लाद्ने र सोभियत संघले पुँजीवाद ध्वस्त गरी समाजवाद लाद्ने कार्य नरोकेको कारण दोस्रो विश्वयुद्धको समाप्तिसँगै कोरिया, भियतनाम र अफगान युद्ध शुरु भयो । सबै मोर्चामा अमेरिकाको हार भयो । यसैकारण अमेरिका विक्षिप्त बन्यो । अब उसले युद्धबाट होइन आफ्नो गुप्तचर संस्था सिआईएमार्फत गुप्तचरीय रणनीतिक कुटनीतिबाट समाजवाद ढाल्ने नयाँ कार्यको शुरुवात गर्‍यो ।

सिआईएले सोभियत समाजवाद ढाल्न मिखाएल गोर्वाचेभ नामका एक व्यक्तिलाई आफ्नो एजेन्ट नियुक्त गर्‍यो । जसले सोभियत संघमा ग्लास्नोस्ट र पेरेस्त्रोइका (बहुलवाद र खुलापन) को ढोल बेस्सरी बजायो । ऊ विश्व चर्चित बन्न पुग्यो उसलाई नोवेल शान्ति पुरस्कार दिइयो । उसैमार्फत अन्ततः अमेरिकाले सोभियत समाजवादमात्रै होइन सिंगै पूर्वी युरोपको समाजवादलाई ग्वार्लामगुर्लुम पारिदियो । सोभियत संघ टुक्रा टुक्रा हुन पुग्यो । यो गुप्तचरीय रणनीतिक कुटनीतिमा सफल भएपछि अमेरिका हौसियो । अब चीनको समाजवाद ढाल्न सिआईएले दुई प्रतिनिधि नियुक्त गर्‍यो एक तिब्बतको दलाइ लामा र अर्को बर्माकी आंगसान सूची । चीनको समाजवाद समाप्त गरी चीनलाई विखण्डन गर्ने क्रममा हिजो गोर्भाचोभलाई जस्तै यी दुवैलाई नोवेल शान्ति पुरस्कार पनि दिलाई सिआईएले विश्व विख्यात बनाइसकेको छ । अमेरिका चीनलाई तिब्बत, हङकङ, मकाउ, ताइवान र सिनज्याङ गरी न्यूनतम ५ टुक्रामा विखण्डन गर्न चाहन्छ ।

नेपालको संसदले यदि एमसिसी पास गरी नेपाललाई अमेरिकी खेमामा उभ्याउन सफल भयो भने शेरबहादुर, केपी ओली, बाबुराम भट्टराई, कमल थापाजस्ता एमसीसीको लागि मरिहत्ते गर्ने मण्डलीमध्य कसैले नोवेल शान्ति पुरस्कार पाएमा अब अचम्म नमान्दा हुन्छ । गोर्वाचोभ जस्तै उनीहरू केही समयको लागि विश्वविख्यात त बन्लान्, चीनको विखण्डन त होला तर उत्तरमा चीन नभई तिब्बत स्वतन्त्र भएको २४ घण्टा बित्न नपाई नेपाललाई भारतले सिकिम्मलाई जस्तै निल्ने छ । अमेरिकासँग आईपिएस र क्वाडमा सामेल भएको भारतले यसै हप्ता रुसी राष्ट्रपति पुटिनलाई भारत बोलाई पुरानो रक्षा सन्धिलाई नवीकरण गर्नुले अब भारत चीनलाई विश्व राजनीतिबाट एक्ल्याई नेपाल खान उद्दत छ भनेर बुझ्दा हुन्छ । भारतले त्यसो गर्दा रुस र अमेरिका दुवैले ताली हान्नेछन् । यो कुरा अब देशभक्त नेपालीहरूले नबुझे देश रहने छैन् ।

# आगामी चुनावमा ओलीको परीक्षण



**गोविन्द विक**

१० औं राष्ट्रिय महाधिवेशनबाट केपी शर्मा ओली नेकपा एमालेको अध्यक्षमा भारी मतले विजय भएका छन् । चितवनमा भएको महाधिवेशनमा लाखौं कार्यकर्ता उतारेर भव्यता प्रदर्शन गरेको नेकपा एमालले ओलीलाई नै नेतृत्वमा चुनेको छ । सत्तामा रहँदा पटकपटक संसद विगटन गरेर संविधानले निर्देश गरेको मार्गभन्दा भिन्न मार्गमा हिँड्न रमाएका केपी शर्मा ओलीले देशभरीबाट छानिएर आएका महाधिवेशन प्रतिनिधिहरूलाई एकोऱ्याउन सफल भएका छन् ।

ओलीले लोकतन्त्रलाई एकता र सर्वसम्मतिको कोणबाट व्याख्या गर्दै पाटीको नेतृत्व हात पार्न सफल भएका छन् । ओलीको हैकमवादी प्रवृत्ति देखेर आम मानिसहरूले महाधिवेशनबाट ओली पाखा लाग्ने अनुमान गरेका थिए । तर महाधिवेशनले भारी मतसहित नेतृत्व सुम्पिए दिएपछि ओली गर्जन निकै बढेको छ । पार्टीमा लामो समय त्याग र तपस्या गरेका पुराना नेताहरू ओलीले नै नेतृत्व गरेको बेलामा चोइटिएर गए । जनताको करिब दुईतिहाई बहुमतको नजिक रहेर एकलौटी सत्ता सञ्चालनको अवसर पाएको एमाले सरकार ओलीकै कारण तहसनसह भयो ।

७ प्रदेशमध्ये ६ प्रदेशमा एमालेले नै प्रदेश सरकार हाकिरहेको अवस्थामा ओलीको व्यक्तिवाद एकलौटीवाद र अहमताका कारण सबै प्रदेश सरकारहरूबाट एमाले बाहिरिनु पऱ्यो । निर्मला पन्तको हत्या, नवराज विकहरूको हत्या, ३३ किलो सुन कान्ड, ललिता निवास कान्ड, बालुवाटार कान्डका करोडौंका घुस बार्गेलिङ काण्ड लगायतका थुप्रै कान्डहरू ओलीले नेतृत्व गरेको सरकारका पालामा देखिए तर त्यस्ता कान्डमा संलग्नहरूलाई ओलीले कारवाहीको दायरामा ल्याउनु त कता हो कता उल्टै दोषी देखिएकाहरूलाई संरक्षण गर्दै हिँडे ।

एमालेबाट प्रधानमन्त्री हुने आफूभन्दा अर्को व्यक्ति ओलीले कहिलै पार्टीभित्र देखेनन् । आफू भए ठिक नत्र बेठिक भन्दै ओलीले प्रधानमन्त्री पद जोगाउने धाउन्नमा संसदको घाँटी निमोठिरहे । कोरोना संक्रमणले नागारिकलाई गाँजिरहेको बेलामा ओली सत्ता र शक्तिको सौदाबाजीमा अलमलिरहे ।

कोरोनाको बन्दाबन्दीले मलरसदाहरू भोकले मरिरहँदा ओली बेखबर झैं बने । जनमुखीभन्दा पनि ओलीमुखी काममा व्यस्त भएका ओलीले आफ्नै नेतृत्वको सरकार त भत्काए नै सहकर्मीहरूको मन पनि सधैका लागि चिढाए । यसरी ओलीकै अहमताले प्रतिपक्षको कुनामा पुगेको एमाले आगामी चुनावमा कसरी प्रस्तुत हुन्छ त्यो त हेर्न नै बाकी छ ।

आगामी चुनावमा आफ्नो पार्टीलाई बहुमतको पक्षमा पुऱ्याउनका लागि ओलीका सामु निकै गहकिला चुनौतिहरू त्यतिकै छन् । ओलीले पाँच दलीय गठबन्धनको दबाब पनि थेग्नुपर्नेछ भने आफूले विगतमा गरेका गल्तीहरूलाई पनि जनताका सामु छोपछाप पर्न निकै कसरत गर्नुपर्नेछ ।

ओलीले आगामी स्थानीय तहको चुनावमा नै आफ्नो पार्टीको पोजिसन निर्धारणमा अग्रता लिए भने त्यसपछि हुने संघीय र प्रदेश सभाको चुनावमा एमालेको राम्रै स्थान आउने संकेत देखिन सक्छ ।

ओलीले देशैभरीबाट आएका करिब २२ सय कार्यकर्तालाई त आँखा चिम्लेर आफूलाई मत दिने बनाए भने आगामी चुनावमा यसै किसिमको माहोल बनाउन ओलीको तयारी कस्तो रहला ? केपी शर्मा ओलीले सरकारको नेतृत्व गर्दा गरेका गल्ती कमजोरीहरूलाई जनताले समिक्षा गरेर आगामी चुनावमा एमालेलाई बहुमतको मत दिए भने सो मतलाई उनले अवसरको रुपमा लिएर काम गर्नेमा अझै शंका छ । किनभने उनको बोली र काम गराइमा निकै अन्तर रहेको धेरै उदाहरणहरू छरपष्ट छन ।

एमालेमा ओलीले नै चाहेका मान्छेहरूमात्र निवार्चित भएका छन । ओलीको विरोध गर्ने ओलीसँग टक्कर गर्नेहरू सबै एमालेको पर्दा पछाडि पुगेका छन् । पार्टीमा एकछत्र पकड जमाउन सफल भएका ओलीले आगामी चुनावमा पनि पार्टीलाई जनताको मनमनमा राखे भने त राम्रै होला नत्र ओलीको ओरालो लाग्ने दिन नआउला भन्न सकिन्न । १० औं महाधिवेशनबाट असन्तुष्टि बोकेर फर्किएका नेताहरूलाई उचित सम्मानकासाथ व्यवस्थापन नगर्ने हो भने त्यही असन्तुष्टिको दबाब सामना गर्न पनि ओलीलाई निकै कठिन हुने देखिन्छ । त्यसैले व्यक्तिवादी प्रवृत्तिलाई त्यागेर अहमता नदेखाइ सबैलाई सम्मानका साथ पार्टीमा अटाउने र सामुहिक भावनाको सम्बोधन हुने वातावरण बनाउन ओलीले ध्यान दिए भने पक्कै पनि फेरि एमालेको पोल्टामा सत्ता नपुग्ला भन्न सकिन्न ।

# यसकारण हिन्दू राष्ट्र हुनैपर्छ

**निलम कुमारी महतो**

नेपालमा हिन्दूवादी संघसंस्थाहरू त धेरै खुलेका छन्, उनीहरूले काम पनि आफ्नो स्तरबाट गरिरहेका छन् । तर नेपाल विश्व हिन्दू महासंघ एउटा अन्तर्राष्ट्रिय संस्था हो । विभिन्न १२ वटा देशहरूमा यो महासंघ फैलिएको छ । हाम्रो काम गर्ने शैली अन्यभन्दा फरक छ । हामीले हिन्दूत्व जगाउनका लागि शहरकेन्द्रित मात्रै नभई गाउँ-गाउँ, टोल-टोलमा गएर आमजनताका बीचमा जनचेतना जगाइरहेका छौं । नेपाल हिन्दूराष्ट्रबाट धर्मनिरपेक्ष हुँदा हिन्दू धर्मावलम्बीहरू कसरी अल्पसंख्यक हुँदैछन्, ज्यादती लगायतका विषयमा जनतालाई बुझाइरहेका छौं । धर्मनिरपेक्ष हुँदा नेपालका अतिविपन्न र दलित समुदायहरू बढी मारमा परेका छन् । कतिपय विपन्न हिन्दू समुदायका छोराछोरीहरूलाई आफ्नो धर्म के हो, कसरी बचाउने पनि थाहा नभएको हामीले पायौं । नेपाल विश्व हिन्दू महासंघ मार्फत् हामीले गाउँ-गाउँमा गएर जनजागरण फैलाइरहेका छौं । पहाडभन्दा बढी मधेशमा हिन्दूहरूमाथि दमन भइरहेको छ ।

केही दिन पहिला काठमाडौंको माइतीघर मण्डलामा केही मानिसहरूले गाईको मासु खान पाउनुपर्छ भन्ने पोष्टर लिएर प्रदर्शन गरेका थिए । के हामीले गाईको मासु खान दिनुपर्छ त ? गाई हाम्रो राष्ट्रिय जनावर हो । गाईलाई हामी आमा र भगवानसरह पूजा गर्छौं । गाईको मासु खानुपर्छ भनेर प्रदर्शन गरिरहँदा हाम्रो देशको कानून, प्रशासन र सरकार कहाँ थियो ? किन तिनीहरूमाथि कारबाही भएन ? हामीले गाईलाई आमा मानेका छौं, त्यसलाई काटेर खानुपर्छ भन्नु हाम्रो आस्थामाथि प्रहार होइन र । तिनीहरू राष्ट्रघाती काम गरेका छन् । यसमा हाम्रो सरकार, प्रशासन र कानून किन मौन छ, यो ठूलो रहस्यको कुरा हो । निश्चितरुपमा नेपाल धर्मनिरपेक्ष हुँदा हिन्दू धर्मावलम्बीहरूमाथि दिनप्रति दिन विभिन्न प्रकारले प्रहार हुँदै आएको छ । नेपालमा ८० प्रतिशतभन्दा बढी हिन्दू छन्, झण्डै ९६ प्रतिशत ओमकार परिवारसहित छन् । हामी बहुसंख्यक हुँदा पनि हामीमाथि दमन भइरहेको छ । अस्ति भर्खरकै घटना हेर्नुस्, धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रुपैठामा हिन्दूहरू छठ पर्व मनाउने क्रममा मुस्लिम समुदायका केही व्यक्तिहरू अराजकता फैलाउन खोजे । त्यहाँ सार्वजनिक स्थलमा सबै धर्म समुदायका व्यक्तिले आआफ्नो पर्व मनाउने गरेका छन् । त्यसमा कुनै रोकटोक हुँदैन । तर हिन्दूहरूले छठ पर्व मनाउन खोज्दा त्यो ठाउँमा इस्लामिक झण्डा झुण्ड्याइयो । यो कतिको जायज हो त ?

धर्ममाथि हाम्रो आस्था छ र हाम्रो आस्थामाथि कसैले खेलवाड गर्न दिनु हुँदैन । हाम्रो आस्थामाथिको आक्रमण असह्य हुन्छ । हाम्रो धर्म संस्कृतिसँग खेल्नेलाई हामीले कदापि क्षमा गर्ने छैनौं । सत्य सनातन हिन्दू धर्मले आजसम्म कुनै पनि अन्य धर्मावलम्बीहरू मुस्लिम, क्रिष्चियन, बौद्ध लगायतको विरोध गरेको छैन । तर हाम्रो हिन्दू धर्ममाथि प्रहार हुनुको एउटै कारण हो फोहोरी राजनीतिक खेल । केही यहाँ षड्यन्त्रकारी राजनीतिक पात्रहरू छन् जसले गर्दा बेला-बेलामा हिन्दूले मारमा परिरहेका छन् ।

विश्वभरिमै एउटै हिन्दू राष्ट्र नेपाल थियो । यो भनेको हाम्रो गौरव र हाम्रो पहिचान थियो । त्यो पहिचान अहिले हामीले गुमाएका छौं । राजनीतिक पार्टीका केही नेताहरू आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि हामीसँग हाम्रो गौरव र पहिचान खोसेका छन् । ती पात्रहरूले हाम्रो धर्म, संस्कृतिसँग खेल्ने प्रयास गरेका छन् । यसमा अन्तर्राष्ट्रिय दमनकारीहरूको नै हात रहेको छ । होइन भने रातारात बिना कुनै कारण विश्वको एक मात्र हिन्दू राष्ट्र नेपाललाई धर्मनिरपेक्ष किन बनाइयो ? गैरहिन्दू राष्ट्रहरूको चाहनामा हाम्रा नेताहरू लोभमा परेर जबरजस्ती धर्मनिरपेक्षता लादियो ।

नेपाल विश्व हिन्दू महासंघको मात्रै होइन, प्रत्येक हिन्दूको चाहना हो नेपाल हिन्दू राष्ट्र हुनुपर्छ । जनमत संग्रह गराइयो भने त्यसबाट पनि थाहा हुन्छ कि नेपालीहरू के चाहन्छन् । यदि हिन्दू राष्ट्रका लागि जनमत संग्रह भयो भने ८० प्रतिशतभन्दा बढी नेपालीले नेपाल पुनः हिन्दू राष्ट्रको पक्षमा मत दिनेछन् ।

यो जनगणनामा पनि धेरै ठूलो षड्यन्त्र भइरहेको छ । अहिले जनगणनामा खटिएका गणकहरूलाई हेर्ने हो भने जसलाई जनगणना के हो, कसरी तथ्यांक संकलन गर्नुपर्छ लगायत आधारभूत कुराहरू नै थाहा छैन । एउटा ज्वलन्त उदाहरणका लागि हेरौं, सामाजिक सञ्जालमा एउटा भिडियो हेरेको थिएँ कि जनगणना गर्न आउने गणकलाई एउटी महिलाले भनिरहेकी थिइन् कि मेरो भाषा संस्कृत हो, तर पनि गणकले नेपाली लेखेका छन् ।

व्यवस्था जेसुकै होस्, शासन जसले गरोस् तर हाम्रो मूल एजेन्डा नेपाल हिन्दू राष्ट्र हुनुपर्‍यो । त्योबाहेक हाम्रो अन्य कुनै एजेण्डा छैन । अहिले नेपालका राजनीतिक दलहरूले पनि हिन्दूराष्ट्रलाई उठाइरहेका छन् । यसको पछाडि पनि ती राजनीतिक दलका नेताहरूको स्वार्थ लुकेको देखिन्छ । अहिले विभिन्न चुनावहरू नजिकिँदै गएको छ । चुनावलाई मध्यनजर गरेर नै ती नेताहरूले हिन्दूराष्ट्रको एजेन्डा बोकिरहेका छन् । किनभने नेपालमा ८० प्रतिशतभन्दा हिन्दूहरू छन् । हिन्दूहरूको मतबिना कुनै पनि नेताले जित्न सक्दैन । त्यसैले यो चुनावी रणनीति मात्रै हो, उनीहरू सत्तामा आउनका लागि यो कुरा उठाइरहेका छन् ।

राजा नै चाहिन्छ भन्ने हाम्रो एजेण्डा होइन । यहाँ धेरै राजावादीहरू छन्, उनीहरू पुनः राजसंस्था होस् भन्ने चाहिरहेका छन् । त्यसैले यो मुद्दा उठाइरहेका होलान् । हामीलाई शासन व्यवस्था वा कसको सत्ता भन्ने कुरासँग मतलब छैन । हाम्रो पहिचान कायम गर्न जसले हिन्दू राष्ट्र कायम गराउँछ त्यसलाई हामी स्वागत गर्न तयार छौं ।

*(मधेश दर्पण फिचर सेवा)*

# मैले देखेको १८६ औं विश्व पर्यटकीय आकर्षण

# मेड्रिडको एल रेतिरो पार्क

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा पार्क यस्तो देखिन्छ



पार्कभित्रका कलात्मक रूखहरू

आल्मुदेना क्याथेड्रल अवलोकन गरिसक्दा दिनको २ बजेको थियो। त्यहाँबाट हामी पैदलै म्याड्रिडको रेतिरो पार्क अवलोकन गर्न त्यतातिर हानियौं। हामीलाई क्याथेड्रलबाट एल रेतिरो पार्क पुग्न करिब १ घण्टा लाग्यो। झण्डै तीन कोलिमिटर जति हिँड्नुपर्ने रहेछ।

### एल रेतिरो पार्क

यस पार्कको नाम खासमा बुओन रेतिरो पार्क (The Buen Retiro Park) भए तापनि यसलाई छोटकरीमा एल रेतिरो पार्क भन्दा रहेछन्। मेड्रिडमा रहेको यो विशाल र प्राकृतिक छटाले भरिपूर्ण पार्क खासमा मनोरञ्जन पार्क रहेछ। १९औं शताब्दिको अन्तसम्म स्पेनिस राजघरानाको सम्पत्तिको रुपमा रहेको यो पार्क पछि गएर सार्वजनिक सम्पत्तिमा रुपान्तरण भएको रहेछ। हालमा यो पार्क युनेस्कोको विश्व सम्पदामा सूचिकृत छ। १ दशमलव ४ वर्ग किलोमिटर (३५०) एकडमा फैलिएको यो पार्क मेड्रिड शहरकै मुटुमा रहेको छ भन्दा पन फरक नपर्ने रहेछ।

यस पार्कभित्रको क्रिस्टल दरबार, सुन्दर मूर्तिहरू, स्मारक, ग्यालेरी, प्राकृतिक तालतलैया, पिकनिक लगायत विभिन्न कार्यक्रम गर्न मिल्ने संरचनाहरू रहेछन्। यस पार्कको इतिहास खोतल्दै जादा सन १५०५ मा पुगिदो रहेछ। इशावेल्लाको शासन काल सन १४७४ देखि १५०४ को अवधिमा यस स्थानमा अरु कतै अनुपयुक्त स्थानबाट सारिएको धार्मिक विहार (Monastery) यहाँ ल्याइएको रहेछ। सार्ने क्रममा त्यस विहारलाई गोथिक शैलीमा रुपान्तरण गरी राजपरिवारको चर्च तथा मनोरञ्जन स्थलको रुपमा विकाश गरिएछ। स्पेनी राजा फिलिप दोस्रोको शासन काल सन १५५६ देखि १५९८ को अवधिमा मेड्रिडमा राजधानी सारेपश्चात जुआन वाउतिस्तामा नामक वास्तुविद् (आर्किटेक्ट) लाई लगाई यस पार्कको क्षेत्रफललाई विस्तार र विकाश गरी आमरुपमा रुखहरू लगाइने काम भएको रहेछ। पछि सन १६२० मा फिलिप चौंथौ स्पेनी राजा भएपछि यहा रोमन राजघरानाको भन्दा पनि राम्रो किल्लाको रुपमा शितल काठैकाठले बनाइएको मनमोहक राजकीय निवास बनाइएको रहेछ। पछि १६३० विश्वविख्यात वास्तुविद जोभान्नी वात्तिस्ताको सुपरिवेक्षणमा यस पार्क क्षेत्रमा अरु भवनहरू ठड्याइएका रहेछन्। तीमध्ये एक वलडान्स गर्ने भवनको हल कासोन देल वोन रेतिरो भव्य कलाकृतिले सिंगारिएको रहेछ। सन १६३० मा ओलिभारेसका काउन्ट ड्युकले कोसिमो लोत्ती नाक बगैंचा विशेषज्ञलाई लगाएर पार्कलाई सुन्दर बगैंचाको रुपम रुपान्तरण गरिएको रहेछ।

यो पार्कको विशेषता भनेको त्यहाँ भएका पोखरीमा बाह्रै महिना प्रशस्तै हुने पानीको श्रोतलाई मानिदो रहेछ। जस्मा एसतान्क्वे नामक विशाल पोखरीको अतिरित्त फराकिलो नहर, साघुरो नहर, त्यहाँ भएका जलचर आदि पर्दा रहेछन्। यस बगैंचाको विशालता र सुन्दरताको कारण यसलाई स्पेनी पुनरजागरणकालको महत्वपूर्ण सिर्जना तथा *The world art wonder of the time* भनिदो रहेछ। पार्कमा भएको आलफोन्सो ११ औंको स्मारकलाई विश्वप्रख्यात भनिदो रहेछ। राजा फिलिप चौथौंको देहवसानपछि यो पार्क थोरै ओझेलमा पर्न पुगेछ र फिलिप पाचौं स्पेनको राजा भएपछि फ्रान्सेली मोडुलको बगैचा थप बगैंचा थप गरिएको रहेछ। यस पार्कमा भएको महत्वपूर्ण कार्यक्रम भनेको राजा चाल्स तेस्रोको पालामा यहा मंचन भएको इटालियन ओपेरा पर्दो रहेछ।

सन १८०७ देखि १४ सम्म भएको स्पेनी उपमहाद्विपिय लडाइको कारण यहाँका दरबार र भवनहरू क्षतिग्रस्त हुन पुगेका रहेछन्। यहाँ भएका फलफूलका रुखहरू स्पेनकी अन्तिक रानी इशावेल्लाको शासनकालमा लगाइएको रहेछ यो पार्क राजघरानाको सम्पत्तिबाट सार्वजनिक सम्पत्तिमा रुपान्तरण महानगरपालिकाको जिम्मामा आएपछि यस पार्कले पुनः महत्व पाउन थालेछ। सन १८८७ मा यहा प्रदर्शनीस्थल थप गरिएको रहेछ। बृहद मूर्तिकलाहरूको संगम भएको यो पार्कलाई मान्छेहरू खुला मूर्ति संग्रहालय पनि भन्दा रहेछन्। यहाँको गुलाफका फूल संग्रहित बगैंचा पनि विश्व प्रसिद्ध मानिदो रहेछ। हामी करिब दुईघन्टा जति यो पार्क घुमेर मेड्रिड रेलवे स्टेसन फर्कदा बेलुकीको ६ बजेको थियो। त्यसै रातको ट्रेन लिएर हामी युरोप र अफ्रिकालाई जोडने टापु जिव्राल्टरतर्फ प्रस्थान गर्‍यौं।



पार्कभित्रको क्रिस्टल दरबार



पार्कमा रहेको विशाल एसतान्क्वे पोखरी



पार्कको खुला मूर्ति संग्रहालयमा रहेको एक मूर्ति



पार्कभित्रका फलफूलका रूखहरू



पार्कमा रहेको वलडान्स कक्ष



पार्कमा रहेको गुलाफका बगैंचा

कथा

# आस्था

लक्ष्मी उप्रेती

कुनै पनि कार्यक्रममा सहभागी नभएको छ महिना नै भइसकेछ । यो छ महिना तिक्तता बोधका साथ छटपटाउँदै बिताएँ । बर्सौंदेखिका कहालीलाग्दा यी पल आँसुको आहालमा डुबिरहे डुबिरहे ।

थाहा छैन समय किन लम्बिन्छ, वियोगमा उराठिलो पहाड बनेर, अनि किन उम्कन्छ पलभरको तृष्णा बनी मिलनमा ? कि यो गति भ्रान्ति मात्र भएको हो मलाई ?

टाँगिन्छ समय स्मृतिमा थपक्क आँखामा चलचित्रको दृश्यांश बनेर । आँसु दबदबाउँछ रसाउँदै परेली ।

हरे दुःखै दुखको पहाड उभिएको छ आफू अगाडि । थाकेर पनि भारी बोकेर चढ्नु पर्ने बाध्यता छ ।

अबको मेरो जीवन यात्राको गति कस्तो हुने हो ? यो दुःखको भुङ्ग्राबाट म उम्कन सकुँला या विचलित बनेर कहीँ.......।

आशाको बाँध नै भत्किएर छताछुल्ल बगेको मन कसरी सम्हाल्नु नि अब मैले

जीवन कस्तो मिथ्या रहेछ । निर्मल, तिमी बिनाको जीवन बिपना हो तर सपना भए कति राम्रो हुन्थ्यो । कहिले कहीँ त मनमा नराम्रा नराम्रा सोच मात्र आउँछन् अनि जीवनदेखि थाकेर हैरान हुन्छु । यहाँ सम्म की मृत्युलाई ........। तर झट्ट सम्झन्छु । तिम्रो वियोगले छटपटाएका हाम्रा छोराछोरीको अवस्था म पनि नरहँदा कस्तो हुन्छ होला जस्तो लाग्छ र सम्हालिन्छु । त्यसैले जीवन जान्न अब दुःखहरूसँग नै प्रेम गरेर छोराछोरीको साथमा मैले बाँच्नुपर्छ भन्ने निर्णयमा पुग्छु र मृत्युबाट उम्कन्छु ।

निर्मल तिमीसँग २३ सँगै बाँचे । तर यो २३ वर्षको तिम्रो साथको स्मृतिले जीवनका बाँकी उमेरहरू जिउने आधारहरू अटाएकी छु आफूभरि ।

प्रिय निर्मल यसबेला तिमी मसँग छैनौ । म एक्लो छु, तर अतीतका स्मृति नै तिमीसँग हुनुको मीठो प्राप्तिको आभास हो । म त्यही प्राप्तिलाई माया गर्दै छोराछोरीलाई सक्षम बनाउने प्रयास गर्छु ।

तिमी भन्ने गर्थ्यौ "आस्था हरेक कर्मयोगी मानिसको प्रगतिको मुख्य कुरा व्यक्तित्व हो, अनि मात्र अरू कुराहरूको लेखाजोखा हुन्छ । त्यसैले तिमी जहिले र जुनसुकै अवस्थामा पनि व्यक्तित्व झल्कने पहिरन र सिँगारमा ध्यान दिई, आफू स्मार्ट हुनु है । जसले गर्दा तिमी जहिले पनि छुट्टै पहिचानका साथ अघि बढ्न सक्छ्यौ ।"

बारम्बार मसँग भन्ने गरेका यी तिम्रा वाक्यहरू आफ्नो आयु थाहा पाएर नै तिमीले भनेका हौ की जस्तो लाग्न थाल्यो यसबेला मलाई । तर तिमीले भने जस्तो सजिलो कहाँ हुँदो रहेछ र ? तिम्रो वियोगको वेदनाले मानसिक रूपमा म विक्षिप्त भएकी छु । त्यसमा पनि सादा पहिरन र उदासीन अनुहारमा मलाई देखेर छोराछोरी झन् आहत हुन्छन् । अस्ति बैंङ्क गएको बेला "आमा, तपाईंको सिँगारयुक्त व्यक्तित्वमा बाबा खुसी हुनुहुन्थ्यो । अब हाम्रा खुसीका लागि भएपनि उज्यालो पहिरन र टिका चुरा लगाउँने गर्नु है, जस्ले गर्दा बाबाको आत्मा पनि रमाउँछ ।" आँखाभरि आँसु छचल्काउँदै उनीहरूले भनेका कुरा सम्झिएर यसबेला म धर्मसङ्कटमा छु ।

एकातिर समाज छ, अर्कातिर मेरा सन्तानको खुसी छ । म के गरौं । दोधारमा रन्थनिँदै दराज खोल्छु । मिलाएर राखेका लुगामध्ये पहेँलो भुइँमा रातो फूलबुट्टा भएको उज्यालो साडीमा आँखा पर्छ । त्यो साडी निर्मलले दश महिना अगाडि मेरो जन्मदिनमा किन्दिएको अन्तिम चिनो हो । हातले छाम्छु, त्यो साडीमा निर्मलको न्यानो स्पर्श अनुभूत हुन्छ । झिक्छु दराजबाट । ड्रेसिङ टेबल अगाडि उभिएर त्यो साडीको सप्को काँधमा हाल्छु । अहा १ कस्तो सुहाएको, त्यसक्षण आफ्नो विधवाको अवस्था बिर्सन्छु । सत्य बिर्सन्छु र त्यस्को पेटीकोट र चोलो पनि झिकेर त्यो साडी लगाउँछु । अनि ड्रेसिङ टेबल अगाडि बस्छु । अनुहारमा हल्का मेकअप गर्छु । कलेजी टिका लगाउँछु । ओठमा हल्का लिपिस्टिक लगाउँछु । अनि कपाल कोर्न थाल्छु । छोरी झट्ट कोठामा पस्छे, मलाई हेरेर निःशब्द भई मुख हातले छोप्छे । त्यसबेला म झस्कछु र आफ्नो अवस्थामा फर्कन्छु अनि आत्तिँदै लगाएको टिका झिक्न निधारतिर लान खोज्छु, तर छोरीले मेरो हात च्याप्प समातेर मुस्कुराँउदै टाउको हल्लाउँछे । त्यसबेला उसको हात मेरो हातबाट अलग्याउने सामर्थ्य ममा हुनै सकेन । आमाले झैँ ममतामयी भएर मेरो पिठ्युँमा उसको अर्को हातले सुमसुम्याउँदै मृदुल मुस्कानसँगै "तपाईं अब यसरी नै बस्नुहोस् ल आमा, हाम्रो खुसी र बाबाको आत्माको शान्तिका लागि" अवरुद्ध आवाज निकालेर घुक घुक्क रुँदै मलाई पनि रुवाउँछे ।

कोठा भित्रको शून्यतामा हामी आमा छोरीका पीडाजन्य वेदनाबाट निस्किएको आँसुको भेल बगेर जाँदा केही हलुको हुन्छ मनमा ।

एकछिन् पछि उस्को मायालु ओठले मेरा गालामा न्यानो



स्पर्श गर्दै "आमा तपाईं ठिक पर्दै गर्नु, म छिटै चिया लिएर आउँछु अनि म पनि तपाईंसँग जान ठिक पर्छु ।" भावुकतामा बहकिएर रून्चे हाँसोमा छोरी कोठाबाट बाहिरिन्छे ।

भुर्र भुर्र उड्दै चिरबिर चिरबिर गरिरहेका चराहरूको आवाजलाई सडकमा गुडिरहेका गाडीको हर्नले उछिन्छ । बेथितिसँग ओहोरदोहोर गर्ने कुकुरका भुकाइसँग मिसिएर कवाडी सङ्कलन गर्ने भारतीय मूलका हिन्दी भाषीहरूको "प्लास्टिक, फलाम, टिन भन्दै कराएको चर्को आवाज झिजो लाग्ने गरी कानैमा ठोकिन्छ । यो झर्को लाग्दो वातावरणलाई सङ्गीतमय बनाउँदै भित्तामा झुन्डिएको घडीले बार बजेको साङ्केतिक धुन गुन्जाएर एकछिन् भएपनि कोठा भित्रको परिवेशमा सचेतता थप्छ ।

आज एउटा कार्यक्रममा प्रमुख अतिथि भएर जानु पर्ने मेरो बाध्यता छ । यो स्वरूप बदल्न पनि मन छैन । यस्तो स्वरूपमा जान पनि असजिलो लागिरहेछ । के गरौं, कसो गरौं भनेर सोच्दा सोच्दै अचानक अञ्जलीलाई सम्झेँ । यत्रो दिनपछि मेरो मानस पटलमा ताजैं भएर उपस्थित हुने अञ्जली नर्स हो । ऊ ३५ वर्ष नपुग्दै उसका श्रीमान्को मृत्यु भयो । एउटी छोरीकी आमा अञ्जलीले श्रीमान्को तेह्र दिनको काम सकेको भोलिपल्ट नै रङ्गीन लुगा र टिका, चुरा सहितको हल्का मेकअपमा आफ्नो डयूटीमा निस्केर हामी सबैलाई चकित पारेकी थिइन् । त्यस्तै सम्झेँ श्रीमान् खसेको वर्षदिन पछि अञ्जलीको प्रभावले हो वा किन हो उपहास सहेर पनि सेतो पहिरन त्यागेर उज्यालिएकी पल्लो घरकी प्रमिला भाउजूलाई । त्यस्तै समाज परिवर्तनका लागि भनेर अभियान नै चलाउने विभिन्न सङ्घ सस्थाहरूले जनआन्दोलनमा मारिएका सहिदका विधवाहरूलाई सामूहिक रूपमा रातो पहिरन, चुरा, टिका लगाइदिएर समाजसँग नै चुनौती लिएको घटनाको स्मृति दृश्य चलचित्रको रिल घुमे झैँ आँखाको पर्दामा बग्न थाल्यो सलल ।

ड्रेसिङ टेबलको ठूलो ऐना अगाडि आँखा छोपेर बसेकी छु । ती स्मृति दृश्यहरू जीवनलाई तरङ्गित पार्दै मनको आँखी झ्यालबाट बग्दै छन् ।

"म के गरौं ? निर्मल, तिमी नै भनन । छोरीले भने झैँ यदि तिम्रो आत्माले शान्ति पाउँछ भने छोरा छोरी मेरा साथमा छन् । यति भए समाजसँग लड्ने प्रबल शक्ति ममा भै हाल्छ ।" मनका यी भावहरूमा बह्किँदै बरबराएछु थाहै नपाई । चिया लिएर आएकी छोरीले नबोली टेबलमा चिया राखेर मायालु हातले स्पर्श गर्दा एकैचोटि सबै बिर्सिएर झस्कदै आँखा खोल्छु ।

आमा, हरक्षण तपाईंका साथमा हुन्छौ हामी भन्दै छोरी मसँग टाँसिन्छे । त्यसक्षण पिलिक्क गर्छ क्यामराको बत्ती । आमा छोरी क्यामराको स्क्रिनमा कैद हुन्छौं, छोराको रहरमा । फेरि आमा छोरालाई कैद गर्छे छोरीले भाइबाट क्यामरा लिएर, अनि टाँसिन्छन् दुवै ममा लीन हुँलाझैँ गरेर । उनीहरू लाडिन्छन् दुधे बालक झैँ भएर । यसक्षण बिर्सिन्छु मेरो दुःख, वेदना र भावुकता । सत्य बिर्सन्छु अतीत र भविष्य । मात्र छोरा र छोरीको मायाको सागरमा डुबुल्की मारेको मेरो यो सुन्दर वर्तमान छ मेरो मानसमा १

छोरी एम. बि.ए पढ्दै छे । छोरो आइ.ए.सी पढ्दै छ । अब उनीहरू मेरा छोरा छोरी मात्र हैनन् । मेरा साथी, मेरा अभिभावक, अनि मेरा सब सम्बन्धहरूमा सुन्दर अनुभूति दिन सक्ने सर्वश्व हुन् । मेरो वर्तमान उनीहरू, भविष्य उनीहरू, निर्मलसँगको सुन्दर अतीत आत्मसात् गर्दै मैले अठोट गरेँ, छोराछोरीको खुसीका लागि उदासीन अनुहार र सादा पोसाक त्याग्ने

दुईतिर अँगालोँमा टाँसिरहेका छोराछोरीलाई उठाउँछु बिस्तारै अनि मुस्कुराउँदै चिया पिउने इसारा गर्छु । तीनै जना चियाको ग्लास हातहातमा लिन्छौँ ।

चिया पिउछौँ खुसी हुँदै मुखामुख गरेर निःशब्द । कोठामा मौनता छाएको छ ।

यसक्षण छ्याङ्ग खुलेको नीलिमा हावामा मिसिएर शान्त, स्निग्ध र सुन्दर भएर आँखामा टाँगिएको छ । सूर्यको आभामा टल्किएका कपास फुलेको बैंसालु बादलका दृश्यावली । आकाशको काखमा आफ्नो अस्तित्व जमाउन उड्दै, मिसिँदै, टुक्रँदै, जोडिँदै छन् सफा सेता छायाँहरू । स्वतन्त्रतको सीमा नाध्दै कहिले एक्लै कहिले सामूहिक सौन्दर्य बाँडेर पक्षीहरू निर्दोष पखेटा फिजाउँदै उड्छन् निःशब्द नीलिमाको छायाँमा मडारिँदै लहरिँदै ।

अहा कति मिठो धुन जीवनको ? स्मृति, विस्मृति बिम्बहरू । बाहिर घामले रापिए पनि शनिवारको यो समयमा चहलपहल छ । सडकमा गाडीहरू गुडेका गुडै छन् । एक बजेको सङ्केत गर्छ भित्ताको घडीले टिङ्............।

रित्तिएको ग्लास उठाएर अब, छिटै ठिक पर्नु आमा, म पनि तयार भइहाल्छु भन्दै कोठाबाट बाहिरिन्छे छोरी । "आमा, म पनि ठिक परिहाल्छु है, आज तपाईंको फोटो खिच्न जान्छु ।" यसो भन्दै कोठामा मलाई एक्लै पारेर छोरो पनि निस्कन्छ ।

उनीहरूको न्यानो मायामा पुलकित हुँदै निर्मललाई हृदयमा छचल्काउँदै स्वप्निल आँखामा जीवन स्मृति चित्र अब कहिले नलगाउने गरी पोतेको झुक्तो र सिन्दूरको बट्टा सुमसुम्याउँदै राख्छु ड्रेसिङ टेबलको भित्री तहमा, अनि सिँगारिन थाल्छु ।

एकैछिन्पछि ठिक परेका छोराछोरी उज्यालिँदै भित्र पस्छन् र अहा कस्तो सुहाएको आमालाई भन्दै एउटै आवाज निकाल्दै मलाई प्रोत्साहित गर्छन् ।

दिनको डेढ बजेको छ । कार्यक्रम २.०० बजेदेखि सुरु हुने । घामले तातो बाफ फ्याकेर नमीठो पारेको वातावरणमा हिँड्ने जागर त मरेको छँदैछ, त्यसमा भएन आफ्नो यस अवस्थाले सङ्कोच लागेको पनि छ । हामी ट्याक्सीमा गयौँ कार्यक्रम स्थलतिर ।

ठिक समयमा कार्यक्रम कक्षमा पुग्छौँ । ढोकाबाट भित्र पस्दापस्दै मेरो यस अवस्थालाई देख्नासाथ परिचित सहभागीहरू आश्चर्य चकित भएर मलाई हेर्न थाले ।

उनीहरूको त्यस्तो हेराइबाट केही असजिलो अनुभव गरेपनि सम्हालिँदै म उज्यालिने प्रयास गर्छु ।

कार्यक्रम सुरु हुन्छ । मञ्चमा आसीन भैसकेपछि अगाडि दीर्घामा रहेका सहभागीहरूतिर हेर्छु त कसैका शङ्कालु, कसैका रोषपूर्ण, कसैका उपहासको भाव र कसैका घृणित भाव मतिर तेर्सिए झैँ लाग्छ । यो देखेर थकित अस्तित्व मडारिँदै मेरा संवेदनाका समय शृङ्खलामा अटुट स्मृतिका बिम्ब थरथराउँछन् । पीडायुक्त मन फिक्का रङमा लतपतिँदै जीवन मुक्त क्षण हावासँगै छरिन्छ मबाट फुत्किएर । अनायासै आँखामा अटाएको चिसो छायाँ उद्दीप्त न्यानो बनेर छोराछोरीको अनुहारमा अनूदित हुन्छ । त्यसक्षण उद्‌विग्न मेरो अनुहार मेरो मन मष्तिस्क बिस्तारै बिस्तारै हल्का हल्का विवेकशील भावमा जागृत हुँदै जान्छ ।


छोरो फोटो खिच्दै छ रमाउँदै, अगाडि दीर्घामा बसेकी छोरीको उद्‌भासित अनुहारले मलाई शक्ति थपिदिन्छ । अचानक निर्मलको शान्ति र छोराछोरीको खुसीमा आफ्नो अस्तित्व प्रतिध्वनित हुन्छ मेरो मानसमा आफैभित्र दृढ बनेर । त्यसपछि अगाडिबाट ममा खनिएका क्रोधपूर्ण दृष्टिहरू बिस्तारै बिस्तारै ओझेलिँदै ओझेलिँदै छाया झैँ भएर हराउँछन् । त्यसबेला मलाई लाग्छ 'मेरा छोराछोरीको खुसीमा नै म संसार जित्छु । मेरा आधार नै यिनीहरू हुन् । यसमा अरूले जे जस्तो सोचून् मैले मतलब राख्नु हुँदैन ।

अनि मनमनै म दृढ हुन्छु र उज्यालिँदै सहभागीतिर हेर्छु । अब झन् प्रबल आत्माविश्वासका साथ हरेक पक्षबाट दयनीय नदेखिने अठोट मन्द गतिसँगै खिचेर जीवन प्राप्तिको अनुभव गर्दछु । अबको जीवन यसरी नै बाँच्ने स्वप्नाहरू सँगालेर अगाडि बढ्ने सङ्कल्प गर्छु । यसबेला बल्ल आफ्नो नाम आस्था रहेको सार्थक लाग्छ ।

नियात्रा

# स्मृतिको क्यानभास–२ (३)

✍ रामप्रसाद पन्त




रामप्रीत भन्दै थिए–'तर अहिले मोदी साबुन बन्द भयो । मोदी टायर भने चर्चाको शिखरमा छ ।' उनी सङ्केत गर्दै थिए–'हामी अब मुजफ्फरनगर (मुजफ्फरपुर होइन) को सन्निकट हुँदै छौं । यो नगर खतरनाक नगर हो, जहाँ दिउँसै लुटिने सम्भावना रहन्छ ।'

मन चिसो भयो हाम्रो । उनले तत्कालै सच्याए–'तर हामी डराउनुपर्दैन । कतैबाट बहुमूल्य धनमाल आउँदै छ भन्ने थाहा भयो भने यहाँका गुन्डाहरूले सुनसान ठाउँ ढुकेर बस्छन् र झ्याप पार्छन् । पुलिससँग पनि मिलेका हुन्छन् यिनीहरू ।' साँच्चै नै उनले भनेजस्तै त्यो ठाउँ बस्तीविहीन सुनसान रहेछ ।

शून्यस्थानले हाम्रो मनमस्तिष्कमा पनि शून्यता छायो र भोक जगायो । हामीले प्रश्न गर्‍यौँ रामप्रीतलाई – 'हामी यस्तो शून्य डिग्रीमा कति समय रफ्तार गर्छौं ?' उनले भने– 'अब धेरै छैन, हामी फतौली पुग्दै छौँ, त्यहाँ नास्तापानीको राम्रो व्यवस्था हुन्छ, चिन्ता नलिनुस् ।'

हामी पातलो बस्तीलाई चिर्दै अलि फराकिलो सडकमा निस्कियौँ । देखिइहाल्यो – चितलग्रान्ड र रामप्रीतले गाडी लगेर पार्किङ गरे त्यसै ग्रान्डको परिसरमा । हामीलाई सबभन्दा पहिले प्रशाधन कक्षमा प्रवेश गर्नु थियो । बायाँपट्टि प्रशाधन कक्षको बाहिर लेखिएको देखियो– 'फ्रि ट्वाइलेट, प्लिज डन्ट पे' ।

व्यवस्थापन राम्रो रहेछ चितलग्रान्डको । नास्तापानीका लागि प्रवेश गरेका हामीहरूले पेटै भरिनेगरी रोटी तरकारीका परिकारहरू खायौँ । त्यति महँगो पनि लागेन । रामप्रीत भने हामीसँग बसेनन् । उनले सोचेछन्– आधा पैसा तिरेर खान पाइन्छ भने सँगै बसेर टुरिष्टलाई किन पूरा पैसा तिराउनु ! पछि पो उनले कुरा खुलस्त गरे । के पनि जानकारी गराए भने हल्दिराम, म्याक्डोनाल्ड र केइसीमा प्रवेश गरेको भए मैले त फ्रि खान पाउने थिएँ तर तपाईंहरूले राम्रो र सस्तो खान पाउनु हुने थिएन ।

उनले साँच्चै भनेका रहेछन् भने त उनी महान् रहेछन्, जब कि हामीहरूलाई राम्रो खुवाउन उनले आधा रकम भुक्तान गरे । र, सँगै नबसेर हाम्रो पैसा जोगाइदिए ।

मज्जैले बसेछौँ हामी त्यहाँ आधा घण्टाभन्दा बढी, भित्तामा चारैतिर सीसी क्यामेरा जडान गरिएको चित्तलग्रान्डमा । रेष्टुराँ सफा थियो, सर्भिस अनुशासित थियो, खाना मिठो थियो, मूल्य सुपथ थियो र त्यहाँबाट देखिने दृश्यावली सुन्दर थियो । त्यसैले पनि होला, समय बितेको पत्तै भएन हामीहरूलाई ।

अब फेरि हाम्रो यात्रा पूर्ववत् अगाडि बढ्यो । बाटोको छेउछाउ पपलरका रुखहरू उभिएका थिए, अनि परपर सुदूरपूर्व र पश्चिमको भूमि उखु नै उखुले ढाकिएको थियो । लामो यात्रा तय गर्दा पनि उखुको त्यो सुन्दर दृश्यावली हाम्रो नजरबाट हटेन । सोचेँ, यस्तो अमृत रस उत्पादन गर्ने क्षेत्रका मानिसहरू कसरी कठोर भएका होलान् ! मैले मुजफ्फरनगर सम्झेर यो कल्पना गरेको थिएँ तर हामी धेरै अगाडि बढिसकेका थियौँ ।

बाटोको छेउछाउमा सेनाका गारत जस्तै उभिएका पपलरहरू देखेर भने मलाई सोच्न बाध्य बनाएको थियो । सुनेको थिएँ, पपलर ह्वात्तै बढ्छ, चार/पाँच वर्षमात्र आयु हुन्छ । यसका जराले जमिनमुनिको पानी सोस्छ, पानीको मूल सुकाइदिन्छ र चराचुरुङ्गी विस्थापित गरिदिन्छ । अनि यस्तो रुख किन लगाइएको होला ?

सोच्दै थिएँ, हामी यस्तो चौबाटोमा पुगेछौँ, जुन चौबाटोमाथि तेर्सिएको बोर्डले सङ्केत गर्दैथियो– देहरादून ९३ कि.मि., हरिद्वार ५२ किमि, बद्रीनाथ ३३८ किमि । त्यो सङ्केतसूचक बोर्ड हेरिसकेपछि मलाई ज्ञात भयो– हामीले आजको यात्रा पूरा गर्न अब त्रियानब्बे किलोमिटर बाँकी रहेछ । त्यसबेला मैले घडी हेरेको थिएँ– दिउँसोको २ बजेको थियो ।

हाम्रो टोलीका सिनियर व्यक्तित्व थिए– मोहनबहादुर कायस्थ । उनी सिनियर मात्र थिएनन्, कुराको सिलसिला मिलाएर शृङ्खलाबद्ध गर्दै, तानाबाना बुन्दै र तन्काउँदै अगाडि बढाउन खप्पीस थिए । त्यसैबेला उनको मुखबाट अचानक निस्कियो – 'असन्तोषं परमं सुखम् ।'

किन निस्कियो मोहनको मुखबाट यस्तो बोली ? उनको भनाइ लेखनसँग जोडिएको रहेछ । असन्तुष्ट नभइकन लेख्न सकिँदैन । अर्थात् समाजका कतिपय कुराहरूमा चित्त बुझ्दैन, ती कुराहरू नलेखी मनले मान्दैन र विरोधस्वरुप लेखनी अगाडि बढ्छ । कुरा ठीकै हो कि बेठिक ?

कायस्थको प्रश्नमाथि प्रतिप्रश्न गरेनौँ हामी कसैले । उनको दृष्टिकोण त्यस अर्थमा अनुपयुक्त थिएन । यसैले भनेका होलान् बालकृष्ण समले– 'दुःखीको घरमा मात्र तेरो बास हुने भए हे ईश्वर ! मलाई अरु दुःख दे ।' आखिर असन्तोष, अभाव, पीडाबाट प्रेरित भएरै त पक्रिनु पर्दोरहेछ कलम र जन्मदो रहेछ साहित्य ।

रुड्की सहरतिर जाने चार लेनको मूल सडक छाडेर गाडी दुई लेनको सहायक मार्गतिर लागेको देखेर मैले प्रश्न गरेँ– 'हामी कता जाँदै छौं ?'

रामप्रीतले स्पष्ट पारे– 'सहरको बाटोमा जाममा परिने सम्भावना रहन्छ, तसर्थ अलिकति लामो भए पनि मैले यो मार्ग रोजेँ । ठीक गरेँ होइन मैले ?'

साथीहरूले के भने कुन्नि, मैले चाहिँ राम्रै गर्‍यौ भन्न सकिनँ । किनभने सहरको स्वरुप त देख्न पाइन्थ्यो नि ! चार दशक अघि एकपटक मात्र पुगेको सहर अहिले कस्तो भयो होला !

त्यसैबेला मेरो नजरमा एउटा नम्बरै नभएको गाडी कुदिरहेको देखियो, । सोधेँ रामप्रीतलाई । उनले अनौठो उत्तर दिए– 'यहाँका दादाहरूले यस रुटमा विना नम्बरका गाडीहरू पनि चलाउँछन् । नम्बर नलिएपछि कर तिर्नु पर्दैन । पुलिसको आँखा परिहाल्यो भने घुसमा बेचिदिन्छन् पुलिसलाई । विचार गरेँ, भारत अजीवको देश हो । स्पष्टै छ– यन्न भारते, तन्न भारत । अर्थात् भारतमा जे छैन, त्यो भारत नै होइन ।

रामप्रीतले रोजेको बाटो नितान्त सुनसान थियो । बाटो छेउको भागमा चाइनिज पीपल र मसलाका रुखहरूको बाहुल्य थियो । रुखका छिद्राहरूबाट हेर्दा टाढाटाढासम्म उखुका डिहीहरू देखिन्थे । ठाउँठाउँमा उखु पेलिरहेको र धुवाँ उडिरहेको पनि देखिन्थ्यो । (क्रमशः)

## श्रम क्षेत्रका समस्या समाधानमा जुट्न ढकालको आग्रह

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा देखिएका समस्या र चुनौतीहरूको समाधान गर्दै अघि बढ्नुपर्ने बताउनुभएको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली शुरु भएको आज चार वर्ष पुरा भएको उपलक्ष्यमा आज यहाँ आयोजित एक कार्यक्रममा उहाँले सामाजिक सुरक्षाको प्रत्याभूति गरी श्रम क्षेत्रका समस्या समाधान गर्दै असल श्रम सम्बन्ध विकास गर्ने हामी सबैको साझा लक्ष्य हो भन्नुभयो ।

वरिष्ठ उपाध्यक्ष ढकालले भन्नुभयो 'सामाजिक सुरक्षा प्रणाली हाम्रो लागि नयाँ भएकोले यसको कार्यान्वयनमा केही व्यवहारिक कठिनाईहरू देखिएका र सूचिकरण प्रकृया शुस्त गतिमा रहेको भएपनि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आजसम्म सूचिकृत प्रतिष्ठान र श्रमिकको संख्यावाट निराश हुनुपर्ने छैन ।'

नयाँ व्यवस्था लागु गर्दा केही समस्या त आउछन् नै भन्दै त्यसबाट विचलित हुनु भन्दा प्राप्त गरेको अनुभव र सुरक्षा प्रणालीको कार्यान्वयनमा देखिएका चूनौतीहरूलाई मननन् गरी योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सफलपूर्वक अघि वढाउन कोष सक्षम हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

उहाँले आजसम्म करिव १६ हजार प्रतिष्ठान र २ लाख ९५ हजार श्रमिकको सूचिकरण भई सकेको जानकारी पनि दिनुभयो । सूचिकृत श्रमिकहरूले सामाजिक सुरक्षा कोषवाट सुविधा पनि पाउन थालिसकेका जानकारी दिँदै वरिष्ठ उपाध्यक्ष ढकालले यस प्रणालीबारे अझै पनि धेरै भ्रम र बुझाइको कमी रहेकाले त्यो भ्रम हटाउनुपर्ने बताउनुभयो ।

सामाजिक सुरक्षा प्रणाली लागू गर्दा विभिन्न व्यवहारिक कठिनाई आउने गरेको धेरै मुलुकको अनुभव रहेको उहाँले सुनाउनुभयो । उहाँले भन्नुभयो 'अहिले हामीकहाँ पनि केही समस्या छन्, हामी सबै सरोकारवालाहरूले त्यस्ता समस्याको उपयुक्त समाधान खोजी अघि बढ्नु पर्दछ भन्ने हाम्रो धारणा हो ।'

विद्यमान विवाद र द्विविधाको अन्त्य हुने गरी योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई हाम्रो आफ्नै परिवेश अनुकूल र आकर्षक वनाउन ऐन कानून र कार्यविधिमा थप सुधार र परिमार्जन गर्नेतर्फ सोच्न पनि उहाँले सरोकारवालाहरूलाई आग्रह गर्नुभयो ।

अहिले प्रचलनमा रहेको संचयकोष र उपदानको व्यवस्थालाई वढी से वढी श्रमिकको हितमा हुनेगरी व्यवस्थापन गर्न र त्यसका लागि सुविधा योजनालाई व्यवहारिक वनाउन पनि सोच्नु पर्ने उहाँको सुझाव थियो । उहाँले भन्नुभयो 'यस प्रणालीका विषयमा श्रमिक र रोजगारदाताले अपेक्षा गरेकाले त्यसतर्फ सोच्न कोषलाई आग्रह गर्न चाहन्छु ।' उहाँले सामाजिक सुरक्षा प्रणालीलाई आकर्षक र भरपर्दो वनाउन सबैले आ-आफ्नो तहवाट योगदान गर्न पनि आग्रह गर्नुभयो ।

# विकासमा कसरी छलाङ मार्‍यो रुवान्डाले ?



विष्णु भट्टराई

कुनै बेला चिन्ता गरिन्थ्यो नेपाल रुवान्डा बन्ने भो तर अहिले कामना गर्नुपर्ने भएको छ- नेपाल रुवान्डा जस्तो बने हुन्थ्यो। आखिर किन ? रुवान्डा नेपालजस्तै भूपरिवेष्ठित अफ्रिकी मुलुक हो। त्यहाँ जर्मनी र बेल्जियमले आफ्नो उपनिवेश कायम गरेका थिए। युरोपेलीहरूले विशेषतः अफ्रिका र युरोपमा प्रभाव जमाएका थिए। उनीहरूले प्रत्यक्षभन्दा पनि आपसी द्वन्द्व गराएर आफ्नो प्रभाव विस्तार गरेका थिए। प्रथम विश्वयुद्धमा जर्मनी पराजित भएपछि रुवान्डामा बेल्जियमले जर्मनीको ठाउँ लियो। अल्पसंख्यक टाठाबाठा टुट्सी जातिको दबदबालाई बेल्जियमले प्रश्रय दियो। बेल्जियमले जातीय विभाजनको सूत्र रुवान्डामा प्रयोग गर्‍यो। हुटु, टुट्सी र ट्वा जाति चिन्नका लागि अनिवार्य जातीय परिचयपत्रको नयाँ नियम लागू गर्‍यो। बहुसंख्यकमाथि अल्पसंख्यकलाई प्रयोग गरेर शासन गर्ने फुटाउ र राज गरको रणनीति थियो यो। जातीय परिचयपत्रले हुटु र टुट्सीबीच द्वन्द्वको बिउ रोप्यो। क्षमताभन्दा पहिचानका आधारमा राज्यले प्रदान गर्ने अधिकारको माग हुन थाल्यो। हुटुले हुटुलाई टुट्सीले टुट्सीलाई मात्रै अगाडि बढाउन थाले। जातीय भावनाले द्वेष र घृणालाई अघि बढायो। जन्मका आधारमा नभई जातीयताका आधारमा अधिकार पाइन्छ भन्ने सन्देश प्रवाह भयो।


रुवान्डाको कानुनले नै जातीयताका आधारमा सरकारी ओहोदामा स्थान पाउने व्यवस्था गर्‍यो। जातजातिलाई खुसी बनाउने र अधिकार सुनिश्चित गर्ने नाममा गरिएको कानुनी निर्णय अन्ततः घातकसिद्ध भयो। सन् १९५० को दशकमा बेल्जियमकै अग्रसरतामा राज्यको मूलधारबाट टाढा पारिएका हुटुहरूलाई राज्यको महत्वपूर्ण स्थान दिन थालियो। यसमा उनीहरूको क्षमता अभिवृद्धिभन्दा पनि जातीयताको आधारलाई प्राथमिकता दिइयो। चलाख हुटुहरूले प्रशस्त लाभ लिए। सरकारी सेवामा हुटुहरूको प्रवेश बाक्लिन थाल्यो। हुटु जाति सदियौंदेखि शोषण र दमनमा परेका थिए। मिलेर देशको उन्नति गर्नुपर्नेमा विभेद र बदलाको भावना जागृत हुन थाल्यो। टुट्सीप्रति हुटुहरूले घृणापूर्ण व्यवहार गर्न थाले। टुट्सीहरूले विगतमा आफूहरूप्रति गरेको असमान व्यवहारलाई हुटुहरूले रंगरोगनका साथ बढाइचढाइ प्रस्तुत गर्दै स्थितिलाई उत्तेजित बनाउन थाले। हुटुले टुट्सीलाई विदेशी जातिको आरोप लगाउन पछि परेनन्। जातीय हिंसाका घटनाहरू हुन थाले।

वास्तवमा रुवान्डामा हुटु र टुट्सी दुवै आदिबासी थिएनन्। टुवाँ जातिका थिए आदिवासी। हुटुभन्दा केही समय पछाडि रुवान्डा पसेका थिए टुटसीहरू। दुवै जातिबीच धर्म संस्कृतिमा समानता थिए। अघि र पछि गरेर रुवान्डा छिर्नु मात्र केवल असमानता थियो। रुवान्डाको वास्तविक बासिन्दा आफूहरू भएको हुटुहरूको दाबी थियो। हुटु र टुट्सी दुवै जातिको धर्म र संस्कृति एउटै भएकाले विवाह समेत चल्थ्यो। तर यी दुई जातिबीच द्वन्द्व सिर्जना गरिदियो जातीय परिचयपत्रले। बेल्जियमले रुवान्डामा जातीय द्वन्द्व खडा गरेर आफ्नो उपनिवेश टिकाउने खतरनाक रणनीति लिएको थियो।

दोस्रो विश्वयुद्धपछि रुवान्डा बेल्जियमको उपनिवेशबाट मुक्त भयो। रुवान्डाको स्वतन्त्रतापछि त्यहाँको टुट्सी जातिको राजतन्त्रको पनि अन्त्य भयो सन् १९५९ मा। राजतन्त्रको अन्त्यपछि पावर भ्याकुममा हुटुहरूले टुट्सीको स्थान लिए। हुटु जातिका राष्ट्रपति







जुभेनल हवायरी मना (किनानी) एक विमान दुर्घटनामा मरेपछि टुट्सी जातिमाथि हत्या षड्यन्त्रको आरोप लगाइयो। हुटुहरूले टुट्सी जातिको झन्डै सफाय नै गरे। हुटु शासकहरूले सन् १९९४ मा १२ लाख टुट्सीहरूको निर्मम हत्या गरे। टुट्सी महिलाहरूलाई बलात्कार गर्ने र यौनदासी बनाउने समेत काम गरे। ८० लाख जनसंख्या थियो त्यसबेला रुवान्डामा। तर यस जातीय युद्धमा टुट्सी जाति विजयी भए। हुटु जातिको सत्ता ढल्यो। सय दिनको त्यो युद्ध संसारकै भयावह जातीय युद्ध मानिन्छ।

चौबीस वर्षपहिले विश्वले कहिल्यै भुल्न नसक्ने जातीय गृहयुद्धले तवाह भएको रुवान्डा अहिले विकासशील राष्ट्रको सूचीमा पर्छ। राष्ट्रपति पल कागमेले रुवान्डालाई अहिले अफ्रिकाकै आँखाको नानी बनाएका छन्। केही समय अघि मात्र चिनियाँ राष्ट्रपति सी जिन पिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले रुवान्डाको भ्रमण गरेका थिए। राष्ट्रपति कागमे शक्तिशाली राष्ट्रहरूका प्रमुखहरूले समेत भेट्नैपर्ने व्यक्ति भएका छन्। कागमे क्यानडामा भएको जी-८ राष्ट्रको भेलामा सहभागी भए। रुवान्डा ब्रिटेनको उपनिवेश नभए पनि कमनवेल्थ राष्ट्र बनेको छ। सन् २०२० मा कमनवेल्थ राष्ट्राध्यक्षहरूको शिखर सम्मेलन रुवान्डाको राजधानी किगालीमा हुँदैछ।

रुवान्डा अफ्रिकी महाद्वीपकै कन्फरेन्स गन्तव्यका रुपमा चिनिएको छ। रुवान्डाले ४० अर्ब रुपैयाँ खर्च गरेर कन्फरेन्स हल बनाएको छ। रुवान्डा सुरक्षाका दृष्टिकोणले अब्बल देश मानिन्छ। हवाई सेवा विस्तारका कारण विश्वका ठूलठूला कन्फरेन्स रुवान्डामा हुने गरेका छन्। रुवान्डाले पर्यटनबाट वार्षिक ४५ अर्ब रुपैयाँ कमाउँछ, २ लाख पर्यटकबाट यति धेरै रकम कमाउनु सानो उपलब्धि होइन। नेपालमा रुवान्डामा भन्दा पाँच गुणा बढी पर्यटक आउँछन् तर वार्षिक ५८ अर्ब रुपैयाँ मात्र कमाइ हुन्छ।

रुवान्डा पहिले फ्रान्सको अधिनमा रहेका राष्ट्रहरूको समूह (फ्रान्कोफाँ) राष्ट्रहरूको अध्यक्ष पदको दाबेदारी प्रस्तुत गरिरहेको छ। फ्रान्ससँग रुवान्डाको सम्बन्ध यसअघि चिसिएको थियो। फ्रान्समा नयाँ राष्ट्रपति म्याक्रोन आएपछि रुवान्डा फ्रान्स सम्बन्ध राम्रो भएको छ। रुवान्डा संसारको उदाउँदो शक्ति राष्ट्रका रुपमा आफूलाई चिनाउन खोज्दैछ। नागरिकहरूको आय त्यति धेरै नभए पनि मितव्ययी बन्न सरकारले सिकाएको छ। ऋण खोजेर भोजभतेर गर्दैनन् रुवान्डाका जनता। नेपाल विश्वमा भाडाका कामदार जन्माउने देशका रुपमा चिनिन्छ। तर रुवान्डाको सरकारले आफ्ना नागरिकलाई विदेशमा काम गर्न जान प्रोत्साहित गर्दैन। त्यहाँ नेपालका जस्ता मानव व्यापार गर्ने मेनपावर व्यवसाय सञ्चालन गर्न निषेध गरिएको छ। आफ्नै देशमा पसिना बगाउन रुचाउँछन् रुवान्डाबासी।

पर्यावरणप्रति रुवान्डाली सरकार एकदमै सचेत छ। बाटाहरू ऐना जस्तै टलक्क टल्किएका देखिन्छन्। फोहोर व्यवस्थापन यस्तो गरिएको छ बाटा चोक या पार्कहरूमा प्लास्टिक वा कागजका टुक्रा देख्न पाइँदैन। रुवान्डाले प्लास्टिकमाथि पूर्ण प्रतिबन्ध लगाएको छ। रुवान्डामा धूवाँ र धूलो त देख्न पनि पाइँदैन। यातायातका सवारी साधनहरू युरो मापदण्डका छन्। यहाँ जस्तो बीसवर्षे थोत्रा गाडी चलाउन सरकार मोलमोलाई गर्दैन। विद्युतीय सवारी साधनमा सरकारले जोड दिइरहेको छ। आय कम, क्षेत्रफल र जनसंख्यामा सानै भए पनि रुवान्डाले विकास र समृद्धिमा छलाङ मारेको छ। नागरिक सुरक्षाको जिम्मेवारी सरकारले लिएको छ। हत्या, बलात्कार, चोरी, गुण्डागर्दीका समाचारहरू त्यहाँ सुनिँदैनन्। जबकि नेपालमा दैनिक हत्या र बलात्कारका घटना घटिरहेका छन्। रुवान्डाका सुरक्षाकर्मीका सामु कस्तै अपराधी पनि उम्कन सक्दैनन्। तर नेपालमा सुरक्षाकर्मी नै अपराधमा दोषी ठहरिरहेका छन्।

रुवान्डाका राष्ट्रपतिले आफन्त वा नातेदारलाई जिम्मवारीका कुनै पनि पदमा राखेका छैनन्। त्यहाँ योग्यता र दक्षमतालाई हेरेर जागिर दिइन्छ न कि यहाँको जस्तो पार्टी र फरिया नाता हेरिन्छ। शिक्षा, स्वास्थ्य, खाद्यान्न, लत्ताकपडामा रुवान्डा आत्मनिर्भर भइसकेको छ। विदेशबाट त्यहाँको सरकारले विलासी वस्तुहरू आयात गर्दैन। न त नेपालले जस्तो विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोषसँग ऋणको याचना गर्छ रुवान्डाले। राजधानी किगालीमा मानिसहरू रातभर निष्फिक्री हिँडडुल गर्छन्। रुवान्डामा भनसुनको राजनीति चल्दैन। यहाँका नेता र पार्टीले जसरी पैसाको बगावत चुनावमा गर्दैनन् त्यहाँका नेता र दल। रुवान्डामा सुशासन र नागरिक सुरक्षा लोभलाग्दो छ। ६० अर्ब रुपैयाँको सांस्कृतिक पर्यटन स्थलको बीस वर्षे काम भइरहेको छ त्यहाँ। अमेरिकासँग सिधा हवाई सम्पर्क गर्दैछ रुवान्डाले। पाँच वर्षपछि रेल्वे सेवा सुरु हुँदैछ। रेलसम्बन्धी कोर्स विद्यार्थीहरूलाई पढाउन थालिएको छ। प्रधानमन्त्री केपी ओली पानीजहाज र रेलका सपना बाँढ्छन् मनोरेल र स्मार्टसिटीका कुरा गर्छन्। तर देश भ्रष्टाचारले जर्जर छ।


# वित्तीय स्थिरताको लागि नेपालको प्रयास अपुग : विश्व बैंक

काठमाडौं। नेपालले वित्तीय संघीयता कार्यान्वयनमा उल्लेखनीय प्रगति गरेपनि वित्तीय स्थिरताका लागि नेपालले गरेको प्रयास अपुग रहेको विश्व बैंकले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले देखाएको छ।

सोमबार काठमाडौंमा सार्वजनिक गरिएको सार्वजनिक खर्चको समीक्षा प्रतिवेदनले वित्तीय स्थिरता र हरित, लचिलो र समावेशी विकासका लागि सहायताको आवश्यकता औंल्याउदै यसतर्फ नेपालको प्रयास अपुग देखिएको बताएको हो।

मुलुक संघीयतामा गएपछि खर्चको दायित्व पनि प्रदेश तथा स्थानीय सरकारहरूमा हस्तान्तरण भएको छ। अन्तरसरकारी हस्तान्तरण र राजस्व बाँडफाँटको माध्यमबाट यस्तो लगानी हस्तान्तरण भएको हो। वार्षिक बजेटको करिब ३० प्रतिशत ९कुल गार्हस्थ उत्पादनको ८ देखि ९ प्रतिशत० लगानी हस्तान्तरण भइरहेको प्रतिवेदनमा उल्लेख छ।

संघीयताले नीति निर्माणको प्रक्रियालाई जनताको नजिक ल्याएको कारण वित्तीय खर्च बढेको ठहर प्रतिवेदनले गरेको छ। कोरोना महामारीका कारण यस्तो खर्च अझै बढेको र यसरी खर्च बढ्दा देशको वित्तीय घाटा र सार्वजनिक ऋणको मात्रा पनि बढेको प्रतिवेदनले उजागर गरेको छ।




संघीयतालाई बलियो बनाउनका लागि गरिएका प्रयास र हरित, पुनुरूत्थाशिल र समावेशी विकासका लागि गरिरहेको पहलका लागि यो रिपोर्टले विश्लेषणात्मक आधार प्रदान गरेको अर्थसचिव मधुकुमार मरासिनीले बताए। 'वित्तीय हस्तान्तरण प्रणालीलाई सुधार गर्दै नियमन र प्रतिवेदन प्रणालीलाई स्थापित गरी स्थानीय सेवालाई थप परिणाममुखी र उत्तरदायी बनाउने प्रयासलाई प्रतिवेदनले थप बल दिने अर्थसचिव मरासिनीको भनाई थियो।

प्रतिवेदनले वित्तीय दीगोपनालाई बलियो बनाएर हरित, पुनुरूत्थानशिल तथा समावेशी विकास तर्फको यात्राका लागि गरिनुपर्ने सुधार पहिचान गरेको छ। यसले अन्तरसरकारी अनुदान प्रणाली मार्फत तहगत सरकारको खर्च उत्तरदायित्वलाई ताजगी पार्न उत्प्रेरित गर्ने, आयात ड्युटीमा सुधारको माध्यमबाट निर्यात र रोजगारी सिर्जनामा सहयोग गर्ने, मूल्य अभिवृद्धि कर छुटमा गरिने समीक्षा जस्ता कामबाट आन्तरिक राजस्वलाई बलियो बनाउने, राष्ट्रिय परियोजना बैंकलाई कार्यान्वयनमा लिएर सार्वजनिक पुँजीगत खर्च बढाउने, हरित वृद्धि तर्फको परिवर्तन लागि वित्तीय उत्प्रेरणा दिने बिषयको पहिचान गरी प्रथामिकतामा राखेको छ।

प्रतिवेदनले देखाएका वित्तीय दिगोपना तथा वित्तीय संघीयता कार्यान्वयन जस्ता विषयमा सुधार गर्नका लागि विश्व बैंक सरकारलाई सहयोग गर्न तयार रहेको विश्व बैंकका नेपाल, श्रीलंका र माल्दिभ्सका लागि देशीय निर्देशक फारिस हदाद जार्भोसले बताए। उनले भने,'यो रिपोर्ट र विश्व बैंकको अर्को मानव विकास सम्बन्धी सार्वजनिक खर्चको समीक्षा रिपोर्टले विश्व बैंकलाई नेपाललाई गरिने सहयोगको खाका बनाउन मद्दत गर्नेछ र यो नीतिगत विकास ऋण लगायतका विभिन्न सहायता आयोजनाका लागि पनि सहयोगी हुने छ।' प्रतिवेदनले हरित वृद्धिको लागि लगानी प्रक्रिया र वित्तीय नीतिको सुदृढिकरणको आवश्यकतालाई जोड दिएको छ। नेपालले जनताको स्वास्थ्य र अर्थतन्त्रको रक्षा गर्नका लागि वायु प्रदुषणको लक्ष्य पूरा गर्नुपर्नेमा पनि प्रतिवेदनले जोड दिएको छ। हरित उर्जाको प्रयोग बढाउनका लागि गर्नुपर्ने वित्तीय सुधारतर्फ ध्यान दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

प्रेरक

## बुद्धले मागे माफी

बुद्धले आफूले पाएको ज्ञान आफ्ना शिष्यहरूलाई प्रदान गरिसकेपछि ज्ञानको प्रचारप्रसार गर्न देशका विभिन्न ठाउँमा पठाउनुभएको थियो । बुद्धसँग विहारमा केही शिष्य मात्र बाँकी रहेका थिए । त्यसपछि बुद्धले केही दिनका लागि जंगलको यात्रामा निस्कने विचार गर्नुभयो । शिष्यहरूले 'हामी पनि तपाईंको साथमा जान चाहन्छौं' भन्दा बुद्धले 'पर्दैन' ।

मलाई एक्लै यात्रा गर्न मनपर्छ' भनी अस्वीकार गरी जंगलको यात्रामा एक्लै निस्कनुभयो । यात्राका क्रममा बुद्ध प्रकृतिको भरपुर आनन्द लिनुहुन्थ्यो र आफूलाई मन परेका ठाउँमा ध्यानमा बस्नुहुन्थ्यो । यसै क्रममा बुद्ध एक पटक फल नै फल लागेका जंगलमा पुगी त्यहीँ ध्यानमा बस्नुभयो ।

बुद्ध ध्यानमै रहँदा केही बालकहरू आएर बुद्धको आसपासमा रहेका रूखका फलहरू झार्नका लागि ढुंगा प्रहार गरी फलहरू झारिरहेका थिए । उनीहरूले धेरै फलहरू जम्मा पार्दै थिए । उनीहरूले प्रहार गरेका ढुंगाले लागी रूखबाट फलहरू तल झरेपछि बालकहरू अझ उत्साहित हुँदै अरू फल झार्ने प्रयत्नमा ढुंगा प्रहार गरिरहेका थिए । उनीहरूले प्रहार गरेको एउटा ढुंगाले बुद्धलाई लाग्यो, बुद्धले निधारबाट रगत बग्यो र आँखाबाट आँसु झरे । त्यो दृश्य देखेपछि बालकहरू भयभीत भए र डरले काँप्न थाले । उनीहरू अब के गर्ने सोच्न सकिरहेका थिएनन् । बालकहरूमध्ये एकले भन्यो– 'अब हामीहरू भिक्षुका अगाडि गएर माफी माग्नुपर्छ ।' त्यसैअनुसार उनीहरू भयभीत अनुहार लिएर बुद्धका अगाडि गए । बालकहरू बुद्धका अगाडि हात जोड्दै आए र माफी माग्न थाले । बुद्धले भन्नुभयो– ' बालकहरू हो, तिमीहरूले रूखलाई ढुंगा हानेका थियौं । त्यसको बदलामा रूखले तिमीहरूलाई मीठो फल दियो । तिमीहरूले मलाई पनि ढुंगा हानेका थियौ त्यसको बदलामा मैले तिमीहरूलाई भय मात्र दिन सकेँ । बालकहरू मलाई माफ गर ।'

बुद्धको कुराबाट बालकहरू दंग पर्दै सम्बोधी प्राप्त बुद्धलाई चिने र आफूहरू २० वर्षको भएपछि बुद्धको शिष्य बन्ने वचन गरेर घर फर्किए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सामाजिक जिम्मेवारी प्राप्त हुनेछ । भाग्यले विभिन्न अवसर दिलाउन सक्छ । अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ । धेरैले कामको तारिफ गर्नेछन् । शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । चिताएको काम पूरा हुनेछ ।

### वृष

समस्याप्रति गम्भीर नबन्दा दुस्ख पाइनेछ । कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । स्वास्थ्यका लागि व्यायाम र खानपानमा ध्यान पुर्‍याउनुहोला । मध्याह्नदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ काम थालनी हुनेछ । प्रयत्न गर्दा भौतिक सुविधाका वस्तुहरू जुट्नेछन् । पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ । इष्टमित्रहरुबाट सहयोग मिल्नेछ ।

### मिथुन

परिवारजनको साथले नयाँ आशा जगाउनेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिनेछ । सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । दिउँसोदेखि भने केही चुनौती समेत देखापर्नेछन् । गोपनीयता बाहिरिनाले समस्या पर्ला । कामको चाप पनि बढ्नेछ । स्वास्थ्यका लागि व्यायाम र खानपानमा ध्यान पुर्‍याउनुहोला । स्वास्थ्यमा केही गडबडी आउन सक्छ ।

### कर्कट

हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । पहिले दुश्मनी गर्नेहरूले पनि मित्रताका हात अघि बढाउनेछन् । दिउँसोदेखि विवादास्पद कामको जिम्मेवारी आउन सक्छ । अवसरवादीहरूबाट अलि सजग रहनुहोला । काम पूरा नभए पनि आर्थिक लाभ हुनेछ । मिहिनेतले नयाँ अवसर दिलाउन सक्छ ।

### सिंह

शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । लेखन कलामा पनि निखारता आउनेछ । प्रतिस्पर्धीहरू सहयोगीका रूपमा देखापर्नेछन् । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । शत्रुबाधा हट्नेछ । रोगसमेत निवारण हुने समय छ । यात्राको सम्भावना छ ।

### कन्या

परिस्थितिअनुसार चल्न नसक्ता दुस्ख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । समयमा निर्णय लिन नसक्दा काम रोकिन सक्छ । दिउँसोदेखि स्थितिमा सुधार आउनाले नयाँ कामतर्फ अग्रसर भइनेछ । साथीभाइको सहयोग जुट्नेछ । सुखद समाचारले उत्साह जगाउनेछ । अध्ययनले नयाँ गति लिनेछ । लेखन कलामा पनि निखारता आउनेछ । मनोरञ्जनमा मन जानेछ ।

### तुला

चिताएको काममा बिहानै जुट्नुहोला, सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् । दाजुभाइमा आत्मीयता बढ्नेछ । दिउँसोदेखि विश्वासिला व्यक्तिहरूले धोका दिने हुँदा काम रोकिन सक्छ । सानो कमजोरी सच्याउन काम दोहोर्‍याउनुपर्ला । धेरै नजिकिनेहरूले पनि दुःख दिनेछन् । नसोचेको काम पूरा हुनेछ ।

### वृश्चिक

अध्ययनमा प्रगति हुनेछ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र चिताएको काम सम्पादन हुनेछ । आलोचकहरू पनि व्यवहारले नजिकिन सक्छन् । आजको मिहिनेतले दिगो फाइदा दिलाउनेछ । आयआर्जनका विविध स्रोत फेला पर्नेछन् । व्यवसायतर्फ पनि पहिलेको उपलब्धिले थप काम गर्न प्रेरित गर्नेछ ।

### धनु

मिहिनेतले व्यक्तित्व निखार्ने समय छ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बिछोडिएका आफन्त नजिकिनेछन् । दिगो योजना प्रारम्भ हुनेछ । तर परिस्थिति अनुकूल बनाइराख्न व्यवहारमा अलि सजग रहनुपर्ला । मध्याह्नपछि आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले सहयोगीहरू टाढिन सक्छन् । परिश्रमको फल मिल्नेछ ।

### मकर

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । आफन्तजनबाट टाढिनुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । सस्तो लाभमा लोभिँदा व्यर्थैमा खर्च हुनेछ । आवेशको निर्णय र बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला । बोली व्यहारमा संयम रहँदै गरिएको मिहिनेतले फाइदा दिलाउनेछ । चाँडै रिस उठ्ने बानीलाई सुधार्नु होला ।

### कुम्भ

बिहानको समय लाभदायी रहनेछ । पेसा र व्यवसायले पनि राम्रै लाभ दिनेछ । आयआर्जनका विविध स्रोत फेला पर्नेछन् । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । तर मध्याह्नपछि धन बाहिरिने सम्भावना छ । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । आँटेको काममा छुट्याएको लगानी अरूका लागि खर्चनुपर्ने हुन सक्छ । कामको बोझले घुमफिर गरेर केही समय आराम गर्न मन जानेछ ।

### मीन

आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापार( व्यवसायमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम सम्पादन हुनेछ । मध्याह्नपछि सरसापटमा धन बाहिरिने सम्भावना छ । आम्दानी रोकिनाले व्यवहार चलाउन कर्जा लिनुपर्ला ।

# समाचार संक्षेप

## छुट्टाछुट्टै सवारी दुर्घटनामा ९ जनाको मृत्यु

काठमाडौं । बैतडी, रुकुम पश्चिम, सर्लाही, कैलाली र झापाका छुट्टछुट्टै स्थानामा भएको सवारी दुर्घटनामा ९ जनाको मृत्यु भएको छ ।

बैतडी, पाटन नगरपालिका-१ सकारस्थित सडकमा पाटनबाट सकारतर्फ जाँदै गरेको से।१ ज ८८८ नम्बरको जिप सडकबाट अन्दाजी १ सय मिटर तल खसेर सोमबार साँझ दुर्घटना हुँदा जिपमा सवार सुरनया गाउँपालिका-४ बस्ने २४ वषीय प्रेम सुनारा सहित ५ जनाको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका उनीहरूको उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्रतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका जिपमा सवारमध्ये १ जनालाई डडेल्धुरा अस्पताल डडेल्धुरा र ४ जनालाई प्राथमिक स्वास्थ्य केन्द्र पाटन लगिएकोमा ३ जना उपचार पश्चात डिश्चार्ज भएका छन् । सामान्य घाइते भएका जिप चालकको प्रहरीको निग्रानीमा उपचार भइरहेको छ ।

रुकुम पश्चिम, मुसिकोट नगरपालिका-२ स्थित रातामाटा भन्ने स्थानमा रा.१ ख २१०९ नम्बरको बस सोमबार साँझ दुर्घटना हुँदा बसमा सवार हाल नाम, थर, वतन नखुलेका १ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका बसमा सवार ३८ जनालाई उपचारको लागि जिल्ला अस्पताल लगिएकोमा ५ जनालाई नेपालगञ्जतर्फ रिफर गरिएको छ भने १३ जना उपचार पश्चात डिस्चार्ज भएका छन् । हाल फरार बस चालकको प्रहरीले खोजी गरिरहेको छ ।

सर्लाही, हरिवन नगरपालिका-९ सुखेपोखरीस्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट हाल नाम, थर, वतन नखुलेका अन्दाजी ४५ वर्षीय पुरुषको सोमबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको नमुना अस्पताल हरिवनमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ ।

कैलाली, जानकी गाउँपालिका-४ डाँडा कञ्चनपुरस्थित सडकमा पहलवालपुर कन्द्रा नदीबाट बालुवा लिएर टिकापुरतर्फ जाँदै गरेको से.१ त ५९४४ नम्बरको ट्याक्टरबाट खसेर टिकापुर नगरपालिका-२ विजयनगर शिविर बस्ने २३ वर्षीय अरुण चौधरीको सोमबार साँझ मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको टिकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

झापा, मेचीनगर नगरपालिका-१२ पानी टंकी छेउस्थित सडकमा रोकेर राखेको को।१ त ४०१६ नम्बरको ट्याक्टरमा मे.९ प ६००३ नम्बरको मोटरसाइकल ठक्कर खाई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक बुद्दशान्ति गाउँपालिका-२ बस्ने ३५ वर्षीय भिमप्रसाद पौडेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मनकामना अस्पताल चारआली हुँदै बिर्तासिटी अस्पताल बिर्तामोडमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

## मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं, कीर्तिपुर नगरपालिका-९ नःगाउँस्थित सडकमा कीर्तिपुर बस्ने मकवानपुर ईन्द्रसरोवर गाउँपालिका-२ घर भएका ४६ वर्षीय रामकृष्ण बल सोमबार मृत अवस्थामा फेला परेका छन् । दाङ, तुलसीपुर उपमहानगरपालिका-७ जितपुर बस्ने ५० वर्षीय यज्ञ मुती आचार्य घरदेखि करिब २ किलोमिटर टाढा खेतमा सोमबार मृत अवस्थामा फेला परेका छन् । बिहान बजार जान्छु भनि घरबाट हिँडेका उनको शव उक्त स्थानमा फेला परेको हो ।

काभ्रे, पनौती नगरपालिका(१० बुटापोल खोपासी बस्ने ५८ वषीय केशव दाहाल बेथानचोक गाउँपालिका(५ बालुवा सामुदायिक वनमा सोमबार मृत अवस्थामा फेला परेका छन् । मंसिर १० गतेबाट हराएका उनको खोजी गर्ने क्रममा उक्त जंगलमा शव फेला परेको हो । महोत्तरी, एकडारा गाउँपालिका-५ बडेडा बजारस्थित पोखरीमा जलेश्वर नगरपालिका(७ अंकार बस्ने ४२ वषीय राम श्रेष्ठ यादव सोमबार मृत अवस्थामा फेला परेका छन् ।

## आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

काठमाडौं । काठमाडौं महानगरपालिका-६ बौद्ध नागेश्वनर गल्लीस्थित सडक छेउमा पार्किङ गरी राखेको हाल नम्बर नखुलेको मोटरसाइकमा आइतबार राति आगलागी हुँदा मोटरसाइकल पूर्णरुपमा जलेर नष्ट भएको छ ।

ललितपुर, गोदावारी नगरपालिका-५ सिजापाती गाउँ बस्ने उतम सिजापातीको टहरोमा विद्युत सर्ट भई सोमबार बिहान आगलागी हुँदा लत्ताकपडा सुन तथा चाँदीका बिभिन्न गहना, फर्निचर लगायतका सामान जलेर करिब ७ लाख ५६ हजार ५ सय रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

मोरङ, सुन्दरहरैचा नगरपालिका(५ बलियास्थित बाबादल खानेपानीको फ्याक्ट्रीमा विद्युत सर्ट भई सोमबार दिउँसो आगलागी हुँदा फ्याक्ट्रीभित्र रहेको सम्पूर्ण सामान जलेर करिब ३ करोड रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

ईलाम, माई नगरपालिका(७ जोरखोला बस्ने धन बहादुर राईको घरमा खोले पकाउने क्रममा नजिकै रहेको परालबाट आगो सल्किएर सोमबार दिउँसो आगलागी हुँदा अन्नपात, लत्ताकपडा, भाँडावर्तन समेत जलेर करिब १८ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

पाँचथर, तुम्बेवा गाउँपालिका(१ जोरसल्ले बस्ने एसिया सम्बाहाम्फेको घर डेरामा लिई सोही ठाउँ बस्ने कृष्ण राज भण्डारीले सामान राखेको गोदाममा सोमबार साँझ आगलागी हुँदा घर, १ सय ४० बोरा चामल, ६ बोरा चोकर, १० बोरा ब्राण्ड र ५०० क्युफिट सल्लाको काठ समेत जलेर करिब १० लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

रोल्पा, सुनछहरी गाउँपालिका(६ थर्म बस्ने शान्त कुमार बुढामगरको घरमा आइतबार राति आगलागी हुँदा अन्नपात, भाँडावर्तन, २ तोला सुन, २० तोला चाँदी र नगद ५० हजार रुपैयाँ समेत जलेर करिब १५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## फरार प्रतिवादी पक्राउ

काठमाडौं । इन्टरपोलबाट रेड नोटिस जारी गरिएका फरार प्रतिवादी झापा साबिक शिवगंज गाबिस-१ ठेगाना भएका ५० वर्षीय कृष्ण गोपाल अग्रवाललाई आइतबार प्रहरीले पक्राउ गरेको छ ।

सन्जिव शाक्यको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गोरे भन्ने चुडामणि उप्रेती समेत भएको आपराधिक समूह स्थापना र संजाल गरी सुनको अवैध चोरी पैठारी र निकासी, अपहरण र शरीर बन्धक तथा कर्तब्य ज्यान मुद्दामा संलग्न भई फरार रहेका प्रतिवादीहरू मध्येका अग्रवाल दुबईबाट नेपाल आउँदैछन् भन्ने सूचनाको आधारमा तत्काल प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । जिल्ला अदालत मोरङबाट समेत वारेन्ट जारी भएका अग्रवाललाई जिल्ला प्रहरी कार्यालय मोरङको अनुरोधमा २०७५ साउन ८ गते अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउको लागि इन्टरपोल महासचिवालयबाट रेड नोटिस जारी भएको थियो ।

## कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

मोरङ । कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बुढिगंगा गाउँपालिका(६ डल्लेपुल बस्ने २६ वर्षीय धन बहादुर तामाङलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । बुढिगंगा गाउँपालिका-७ स्थितमा गत कार्तिक २८ गते बेलुकी धनकुटा पाख्रीबास नगरपालिका-४ बस्ने २६ वर्षीय रिजन दाहाललाई पुरानो रिसिवीका कारण धारिलो हतियार खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो । तत्काल फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले मोरङ सुनवर्षी नगरपालिका-८ सिक्टी एरियाबाट फेला पारी पक्राउ गरेको हो ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Mordant = घोचपेच गर्ने खालको, तिखो Actors always fear of journalists' mordant pen कलाकारहरू सधै पत्रकारहरूको तिखो कलम देखि तर्सन्छन् ।

Natation = पौडी संग संवन्धित There are some institutes that offer courses in natation पौडि संवन्धी ब्यवहारिक तालीम (कोर्श) दिने इष्टिच्यूटहरू पनि हुन्छन् ।

Onus = जिम्मेवारी In order to escape the onus of signing the agreement, he resigned from his job संझौतामा हस्ताक्षर गरी कामको जिम्मा लिनु पर्ला भनेर उस्ले जागिरबाट राजिनामा दियो ।

Pylon = दिशा निर्देश गर्ने खम्वाहरू The illuminated pylons at the airport facilitate landing and takeoff विमानस्थलमा रहेका वत्तीका खम्वाहरूले विमानको उडान र अवतरणलाई सजिलो वनाउदछन् ।

Purge = अनावश्यक कुरा काटछाट गर्ने As I found this article very much lengthy I suggested him to purge यो लेख ज्यादै लामो भएको कारण मैले उस्लाई अनावश्यक कुराहरू छाटकाट गर्ने सल्लाह दिए ।

Rivulet = खहरे, सानो नदी During the rainy season even the rivulets cuts the banks वर्षा ऋतुमा खहरेले पनि कटान गर्दछ ।

Sycophant = चाकडीवाज, अनावश्यक रुपले प्रशंशा गर्ने ब्यक्ति System collapses when sycophants have their say चाकडीवाजहरूको हालमुहाली भयो भने कुनै पनि ब्यवस्थाले काम गर्दैन ।

Traumatic = दर्दपूर्ण Our defeat with East India Company was traumatic because with this we lost our territory of Tista and Kangda इष्ट इण्डिया कंपनीसंगको हाम्रो हार दर्दपूर्ण थियो किनकी त्यसको कारण हामीले टिष्टा र कांगडा प्रदेश गुमाएका थियौं ।

Unfrock = नंग्याउनु To unfrock a priest is an extreme step so that it is done after due consideration पुरोहितलाई नग्याउनु भनेको चानचुने कुरा होइन विचार पुराएर मात्र गर्नु पर्दछ ।

Vitreous = शिशा जस्तो देखिने Some of the plastics have vitreous qualities केही प्लाष्टिकहरू शिशा जस्तो देखिन्छन् ।

# Pick बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Pick somebody's brain = सल्लाह । सुझाव । सुचना लिनु As I want to buy a new dictionary I like to pick your brain about it म नया शब्द कोष किन्न चहान्छ र त्यसैले कुन किन्दा ठीक होला भन्ने वारे तिम्रो सुझाव लिने मन छ ।

Pick a fight / quarrel = निहु खोज्नु Although he picked a quarrel with me, I refused उस्ले म संग निहु खोजे तापनि मैले चाहि खोजिन ।

Pick a hole in something = केही कुरामा खोट देखाउनु The always try to pick a hole in everything I do मैले जे गरे पनि तिनीहरू त्यसमा खोट देखाउन कोशिस गर्छन ।

Pick somebody's pocket = चोर्नु । पाकेट मार्नु Picking some body's pocket is a crime कसैको पाकेट मार्नु अपराध हो ।

Pick up the pieces = फेरी पुरानै अवस्थामा फर्कनु The people affected by earthquakes have picked up the pieces gradually भूकम्प पिडितहरू विस्तारै पुरानै अवस्थामा फर्केका छन् ।

Pick up speed = गति तिव्र पार्नु The economy has not picked up its speed even if reform measures have been taken सुधारका उपायहरू अपनाउदाउदै पनि अर्थतन्त्रले गति तिव्र पार्न सकेको छैन ।

Pick a winner = विजयी छान्नु When competition becomes so tough picking a winner is always difficult प्रतिष्पर्धा उच्च स्तरको हुंदा विजयी छान्नु सर्वदा गाहारो हुन्छ ।

Pick somebody off = समूहमा एक जनालाई ताक्नु She picked me off whereas there were many smarter than me म भन्दा फुर्तिला थुप्रै भएता पनि तिनले मलाइ नै ताकिन ।

### सुडोकु–अंक २४०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ७ | | | |
| ५ | | ६ | | | | २ | | ८ |
| | ७ | | | | | | ३ | |
| २ | | | ८ | | ६ | | | ३ |
| | | ४ | ३ | | ९ | ८ | | |
| ९ | | | २ | | ४ | | | ७ |
| | २ | | | | | | १ | |
| ८ | | १ | | | | ७ | | ४ |
| | | | ५ | ३ | १ | | | |

### अंक २३९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | ५ | २ | ३ | ६ | ९ | ४ | ८ |
| ९ | २ | ८ | ४ | १ | ७ | ३ | ५ | ६ |
| ३ | ४ | ६ | ८ | ९ | ५ | ७ | २ | १ |
| ८ | ९ | ४ | ३ | ७ | २ | ६ | १ | ५ |
| ५ | ७ | ३ | १ | ६ | ४ | २ | ८ | ९ |
| २ | ६ | १ | ५ | ८ | ९ | ४ | ३ | ७ |
| ६ | ८ | २ | ७ | ४ | १ | ५ | ९ | ३ |
| ४ | ३ | ७ | ९ | ५ | ८ | १ | ६ | २ |
| १ | ५ | ९ | ६ | २ | ३ | ८ | ७ | ४ |

# For the People's Life in Good Health and Free from Illness



The Democratic People's Republic of Korea exerts great efforts in further developing the universal free medical care system, regarding public health service as an image of its socialist system and a major symbol which demonstrates the tangible benefits of the system enjoyed by its people.

This is inconceivable separated from the devoted and tireless efforts made by Kim Jong Un, President of the State Affairs, who prioritizes the protection of the people's lives and their health promotion over anything else.

Since he began to lead the country and people, he paid close attention to public health.

In summer 2012 he visited the construction site of the Breast Tumour Institute of the Pyongyang Maternity Hospital. Despite sultry weather, he looked around it in detail and said: It is pointless to build a fancy building if the patients fail to get proper treatment; what counts more than the construction is to appoint competent doctors and researchers with rich clinical experience in mastopathy and breast cancer and to equip the institute with state-of-the-art facilities. Thanks to the meticulous care of the state leader, the institute was built on the Taedong riversidein the capital city of Pyongyang asa centre of medical service and scientific research that specializes in the prevention and treatment of mammary gland diseases including mastopathy and breast cancer and is equipped with modern medical equipment for galactography, ablation of mammary gland tissues, and even for multifunctional X-ray, CT, ultrasonographic and, electrocardiographic examinations, which can be seen only in some developed countries.

The Ryugyong Dental Hospital, inaugurated in October 2013, also tells a moving story of Kim Jong Un's devotion.

In March the following year he visited the hospital and looked around the examination room and several treatment rooms, giving detailed guidance over the management and operation of the hospital. He felt very pleased, saying that a great number of people visiting the hospital meant that the medical service was briskly underway, and that the new hospital proved its worth. Then he continued: Construction of the hospital was not aimed at giving publicity to the fact that we were building a world-class dental hospital, but at ensuring that the people can enjoy all the benefits of socialism in good health; the hospital should not become a site for visit but a site of devoted service for the people through effective treatment.

The Okryu Children's Hospital, which was named by Kim Jong Un, also embodies his scrupulous care.

It is a characteristic hospital that combines healthcare service and education. It is equipped with all the facilities for the treatment and health promotion of children of different ages– treatment rooms of different purposes, surgical procedure rooms, operating theatres, in-patient rooms and even a helipad. The artworks inside, which cater to the juvenilepsychology, are associated with Kim Jong Un's considerate measure to relieve the children of pain while under treatment. The classrooms here give the young in-patients lessons, which are missing.

In 2016 the Ryugyong General Ophthalmic Hospital opened to the public in the hospital village on the Taedong riverside of Pyongyang.

With a site area of over 5 950sq m and a total floor space of 11 800sq m, the hospital is made up of a four-storeyed out-patient ward and an eight-storeyed in-patient ward. It is a multi-functional and comprehensive medical care facility with a shop that calibrates and manufactures various kinds of spectacles.

It has more than ten out-patient treatment rooms, 13 optometry rooms, 5 operating theatres, 27 in-patient rooms and up-to-date equipment for excimer laser treatment, vitrectomy, laser-scanning tomography, cornal endothelial examination and so on.

Kim Jong Un, who proposed its construction and designated its site, gave his opinions on its design several times and paid close attention to its construction, personally visiting the construction site.

During his on-site guidance, he said: The rumour must have spread that a general ophthalmic hospital is under construction here; the people prefer the construction of hospitals to the construction of theatres; many more hospitals should be built so that the people can enjoy the substantial benefits of the socialist public health system.

When he visited the completed hospital, he expressed his satisfaction, saying that it was really what he had wanted to do for the people.

Such stories are not confined to the hospitals in the capital city.

In October 2020, the Samjiyon City People's Hospital in Ryanggang Province in the northernmost part of the country was newly built into a model of the regional hospitals.

While looking around the construction sites in Samjiyon, Kim Jong Un acquainted himself with the conditions of the hospital's staff and saw to it that the green area was increased, trees of fine species were planted around the hospital and resting areas were laid out properly for the patients.

Samjiyon is a city in the mountainous area, 1 300metres above sea level. But the local People's Hospital is very modern and has specialist departments such as emergency, internal, surgical, pediatric, obstetrical and gynecological ones and a dental branch hospital which are well-appointed with state-of-the-art equipment and appliances. Multifunctional telemedicine system is established and the healthcare service is put on a high level of IT basis. It also has well-furnished in-patient rooms, physical exercise room, rehabilitation room, children's playing area and indoor park.

Kim Jong Un paid close attention to strengthening the material and technical foundations of the public health sector, too.

In 2019 while on a visit to the Myohyangsan Medical Appliances Factory, he said that in order for people to enjoy sufficient and modern healthcare service, it was necessary to radically improve the material and technical foundations of the public health sector, and took highly significant measures aimed at renovating the factory into a model and iconic factory that would play the vanguard role in the medical appliances industry. When he visited the renovated factory, he highly praised it for having developed into a cutting-edge one capable of mass-producing modern operating tables, delivery beds, examination tables, hospital trolleys, universal chairs for ENT treatment, multifunctional dentist's chairs and other quality medical appliances.

Under his wise leadership, over the past ten years medical oxygen factories in the capital city and provinces, the Pyongyang Dental Hygiene Goods Factory and Huichon Hospital Beds Factory have been built in a modern style, further consolidating the material and technical foundations of the public health sector.

In October last year a grand military parade was held in Kim Il Sung Square in Pyongyang to celebrate the 75thfounding anniversary of the WPK. In his speech Kim Jong Un warmly thanked the people across the country for being healthy and free from illness, without a single person having fallen victim to the malignant virus.

**Pyongyang Citizens Seen in an Exhibition House**

One of the sought-after places in Pyongyang, the capital of the Democratic People's Republic of Korea, is the Kumok Maize Products Exhibition House, which specializes in development, exhibition and service of maize products.

**Kimchi-making practice in Korea**

In the Democratic People's Republic of Korea, it is a commonplace in November to see families making kimchi, their traditional food.

In spite of the current industrial production of kimchi in the country, many enjoy making it by themselves as in the past. The kimchi-making was registered on the list of world intangible cultural heritage.

This is *kayagum*, a musical instrument of the Korean nation, invented 1 500 years ago.

As the sounds are elastic, soft and elegant, the structure is simple, the bridgeis movablefor adjusting sounds, the methods of its execution are varied and it is easyto learn, the Korean women still enjoy playing the instrument.

**Carpet from the DPRK**

Carpets made in the Democratic People's Republic of Korea are drawing people's attention for its high quality and elegant and delicate colours and shapes.What draws their special attention is the fact that they are made with natural resources produced in natural environment free from pollution.

**Violin Making and a Man with Hearing Impairment**

Have you ever heard that a man with hearing impairment makesa musical instrument?

It is difficult to believe, but such a man lives on this planet.It is Kim Sung Il(aged 36) in the Democratic People's Republic of Korea, whose violins enjoy popularity among professionaland amateur violinists.

**Young Folk Game Players**

These are children from the Ponbu Kindergarten in Sinuiju, a city in the northwestern part of Korea, well-known across the country for their talents in playing folk games.

**For the Children's Health**

Rearing healthy and sound children is an issue that has a bearing on the prospect and future of all countries.

Especially, the period of nursery and kindergarten covers the most important part of human development, and thus it is highly important to pay attention to nutrition and health management of those in this age group.

November 20 is Children's Health Day.

On the occasion of the day, childcare in the Democratic People's Republic of Korea is introduced here.

The DPRK has established a socialist system of nursing and upbringing of children, in which all the pre-school children are enrolled and reared in nurseries and kindergartens at state and social expense.

This system is legally guaranteed by law.

The *Law of the Democratic People's Republic of Korea on the Nursing and Upbringing of Children* was adopted in April 1976 and amended and supplemented in March 1999. Comprised of sixty articles in six chapters, the law comprehensively stipulates numerous benefits for children, including construction of nurseries and kindergartens, supply of grains and other foodstuffs, clothes, footwear and other daily necessities, special protection of mothers with children, nutritional and medical service for children, treatment of nursery and kindergarten teachers, organization and operation of nurseries, kindergartens, baby homes and orphanages, and guidance, management and supply systems for them, etc.

Every city and county has a foodstuff supply station which is in charge of the provision for the local nurseries and kindergartens with such nutritional foods as milk, meat, eggs, fruits, vegetables and confectionery.

In recent years baby homes and orphanages in the capital city and the seats of provinces have been renovated, and the orphans across the country are provided with quality nutritional foods on a special and preferential basis.

Worthy of special note is that the Third Plenary Meeting of the Eighth Central Committee of the ruling Workers' Party of Korea held in June this year established it as the Party's childcare policy to supply all the children across the country with nutritional foods including dairy products at state expense.

It is an inherent part of wishes of parents to feed and dress their children well and take pride in them in front of the others. A Korean saying goes that it takes fifty thousand man-days to raise a child, implying how demanding and challenging it is. Worse still, it is by no means easy for the country to adopt such a resolution in the light of the fact that the country is experiencing quite a hard time due to the prolonged sanctions by the hostile forces coupled by the global health crisis.

It is a courageous decision that can be made only by General Secretary Kim Jong Un of the WPK, who regards it as a source of happiness, not a challenge, to spare nothing for the children across the country, saying that it is a blessing for the WPK to be in charge of raising millions of them. Also, it is a moving story unique to the WPK that cherishes as an ennobling ideal the spirit of making selfless, devoted efforts for the good of the people.

Thanks to the benevolent care of the head of state and ruling party, the DPRK is well advanced in its pursuit of good health of the children.

One of the examples is the activities of the Korean Association for Supporting the Children founded in 2013 with a mission to assist the government in this regard.

The association trains the professionals in the fields of children's healthcare, nourishment, intellectual development and day care, and plays the role of a communications office and a channel of assistance for children. Outreach programs are briskly underway and hygienic information work is being energetically undertaken among the local people so as to lower the children's morbidity rate and rate of missing in inoculation. Its production bases make a variety of traditional medicines including anti-virus liquid medicine made from burdock, contributing to the treatment of pediatric diseases. It is also engaged in the major evaluation of medical supplies and appliances needed for the children's healthcare at the nurseries, kindergartens and pediatric hospitals designated as targets of assistance and reinforcing the trial production processes of nutritional foods for the children. It also hosts photo exhibitions and forums on child healthcare on the occasion of the International Children's Day, World Health Day and Children's Health Day, fostering the climate of social support for the children.

**Orphansin Pyongyang as Seen by Foreigners**

In early September this year members of the diplomatic corps in the Democratic People's Republic of Korea visited Pyongyang Baby Home and Orphanage.

Following is part of their impression:

The Workers'Party of Korea and the government of the DPRK pay close attention to the intellectual education, healthcare and even food supply for children.It is hard to believe that these are orphans as they are under such scrupulous care.Comrade Kim Jong Un is, indeed, the genuine father of the children.(Cuban ambassador)

I was quite moved while looking round the orphanage equipped with all the conditions necessary for the orphans' living.The leadership of the DPRK and the Workers'Party of Korea spare nothing for children. I could feel ComradeKim Jong Un's direct care in every nook and cranny of the orphanage. (Russian ambassador)

Taking care of orphans is a Gordian knot and economic burden in other countries.However, the DPRK gives importance to bringing up orphans and provides them with all the conditions for their happy living even though everything is in short supply.I was struck with wonder as I saw that these baby home and orphanage are givingthe orphans education necessary at the stages of nursery and kindergarten. (Syrian ambassador)

During his on-site guidance at the Baby Home and Orphanage, General Secretary Kim Jong Un paid close attention to the living and studying conditionsfor orphans and the management of these facilities. This shows his warm love for orphans.I hope that the children of Pyongyang Baby Home and Orphanage will grow happily under his warm care. (Chinese councilor)



































## सन्दकपुरमा...

स्थानीयले पिलर गाड्न रोकेका हुन् । स्थानीयको हूलसहित सशस्त्र प्रहरी पुगेपछि आफूले गाढेको पिलर उखेलेर एसएसबी त्यहाँबाट भागेको थियो । एसएसबीले ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस) ले देखाएको ठाउँ भन्दै नेपाली भू-भागपट्टि पिलर गाढ्ने प्रयास गरेको थियो । जौवारीमा रेडपान्डा नेटवर्कले साढे तीन सय रोपनी जग्गा किनेर रेडपान्डाको आहार संरक्षण गर्ने काम गरिरहेको छ । नम्बरी जग्गा किनेर काम गरिरहेको ठाउँमा पनि संरचना बनाउन रोक लगाउने गरेको पाइन्छ ।

नेटवर्कले रेडपान्डालाई आवश्यक पर्ने पानीपोखरी निर्माणमा पनि हस्तक्षेप गर्‍यो । त्यो जमिन सीमा क्षेत्रभन्दा पाँच सय मिटरभन्दा धेरै टाढा छ । त्यो ठाउँ पनि आफ्नै हो भनेर हस्तक्षेप गर्ने गर्दछन् । गत दसैंअघि मात्रै मानेभन्ज्याङमा स्कुस बेच्न भारत लैजान नदिएपछि एसएसबीसँग हानाहानको स्थिति समेत बनेको थियो । स्कुस बेच्न गएका कृषकले स्कुस बेच्न नपाउने भएपछि बेच्न लगेको स्कुसले एसएसबीलाई प्रहार गरेको स्थानीय बताउँछन्। यी त प्रतिनिधिमूलक घटना मात्र हुन्। एसएसबीले घरीघरी सिमानामा समस्या बल्जाइरहने गर्दछ ।

केही समय अघिदेखि सीमामा समस्या नभएजस्तै गरे पनि सानोतिनो समस्या अहिले पनि देखिइरहने गरेको छ । नेपाल र भारतको सिमानामा लामो समयदेखिको विवाद र मिचामिचको अवस्था अहिले पनि जस्ताको त्यस्तै छ । पटक पटक सिमानामा भएको विवादले स्थानीय समस्यामा पर्न थालेका छन्। मानेभञ्ज्याङमा नेपाल र भारततर्फ दशगजा क्षेत्रमा घर बनिरहेका छन् । यस्ता समस्या सिमानाका सानातिना सबै बजारमा रहेका छन् । पशुपतिनगरको फाटकमा भारतीयतर्फबाट दशगजा क्षेत्रमा गुम्बा बनाएको छ ।

गुम्बा बन्न थालेपछि नेपालतर्फबाट पटकपटक पहल गरिएको भनिए पनि संरचना बनाएरै छाड्यो । 'त्यहाँ केन्द्रबाटै नापी टोली आएर नाप्दा पनि त्यो स्थान दशगजाभित्रै देखियो र पनि संरचना बनाउन रोकिएन । छब्बिसेमा नेपाली भूभाग नै भारतपट्टि पारिएको छ । नापी टोलीले उक्त भाग भारततर्फ नै पर्ने भन्ने देखाएको भए पनि आधिकारिक र औपचारिक रूपमा त्यो भाग कता पर्छ भन्ने अहिलेसम्म टुंगो लगाइएको छैन । त्यहाँका बासिन्दाको नेपाली नागरिकता र नेपाली जग्गा धनी पुर्जा छ । एसएसबीले बेलाबेला हतियार बोकेर नेपाली भागमा पस्ने, दशगजा क्षेत्रभित्र संरचना बनाउने गरेको छ ।

सन्दकपुर गाउँपालिका-५ का वडाध्यक्ष जीतबहादुर साँवा सीमास्तम्भ टाढा टाढा रहेको हुँदा बीचको खाली भागमा तारबेरानै सारेर नेपाली भूमीमा एसएसबी आउने गरेको बताउँछन् । उनी भन्छन्, 'कैयाँ कट्टा र जौवारीको फाटक एरियामा निकै चुनौती नै भइसकेको छ भने गैरीवासमा पनि हस्तक्षेप गरिरहेको छ, त्यहाँका छ परिवारलाई खानेपानी समस्या भएपछि साविकको गाविस हुँदै बजेट विनियोजन गरी नेपालकै भूमिबाट नै खानेपानी ल्याएका थियौं, साँवा भन्छन् 'यसबेला एसएसबीको काँडेतार खानेपानीको मुहान भएको ठाउँभन्दा पल्लो डाँडामा थियो तर, यतिबेला काँडेतार नै सारेर खानेपानीको मुहान पनि एसएसबीले नै प्रयोग गर्न थालेको छ ।'

सन्दकपुर गाउँपालिकाका अध्यक्ष उदय राईले सीमा समस्या समाधानका लागि एसएसबीको डीआईजी लेवलसँग पनि वार्ता गरेका छौं तर पनि बेलाबखत एसएसबीका बीचमा छिना झम्टी हुने गरेको बताउँछन्। उनी भन्छन्, 'दुवै तर्फबाट दशगजाभन्दा ३० मिटर टाढा मात्र भवन संरचना बनाउने भन्ने जेन्टल एग्रीमेन्ट गरेर सीमा समस्या विवाद समाधानमा लागेको बताउँछन् । सरकारले सीमा क्षेत्र व्यवस्थित नगरेसम्म स्थानीय तहले जति प्रयास गरे पनि प्रयासमै सीमित रहन्छ त्यसलाई एसएसबीले कार्यान्वयन गर्न चाहँदैनन् । वर्ता गरेको केही दिन चुप लागेजसो गरे पनि एसएसबीले विवाद बल्जाइरहने गर्दछ ।

भारतीय सीमा क्षेत्र इलामको पशुपतिनगरसहित सलकपुर, समालवुङ, छब्बिसे, कालपोखरी, मानेभञ्ज्याङ र जौवारीमा बीओपी स्थापना भइसकेका छन् भने पाटापुर, मेघमा, गोर्खे र सन्दकपुर पनि प्रस्तावित छन्। 'सीमास्तम्भ सुरक्षा र सीमानामा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि सीमामै बीओपी राखिए पनि सीमाका समस्या हटेको छैन। भारतीय सुरक्षा निकाय एसएसबी सीमा क्षेत्रका भारतीय भूभागमा जतातत‍ै छ ।

इलामको ५२ किलोमिटर भारतसँग जोडिएको छ। २०६४ सालको संविधानसभा निर्वाचनताका भारतले सुरक्षाका लागि भन्दै ३-३ किलोमिटरमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) को बीओपी राखेको थियो । भारतले कतिपय स्थानमा दशगजाभित्रै पनि एसएसबी क्याम्प राखेको छ । भारतले बारम्बार सीमा मिचेर संरचना बनाइरहन्छ तर, नेपाली भूभागमा संरचना बनाउँदा पनि पटक पटक रोक लगाउने र दुःख दिइरहने गरेको स्थानीयको भनाइ छ ।

## कोरोनाविरुद्ध...

मन्त्रालयले जनाएको छ । कोभ्याक्स अन्तर्गतको मोर्डोनाको १५ लाख डोज खोप हिजो काठमाडौं आइपुगेको छ ।

## कांग्रेस महाधिवेशन...

पृष्ठभूमिका छैनन् । निर्माण व्यवसाय र जग्गा दलाल गरेर अकुत सम्पत्ति कमाउनेहरू सभापतिमा निर्वाचित भएका छन् । आजीवन कांग्रेस राजनीतिमा संलग्न भएका इमानदार कार्यकर्ताहरू प्रायःजसोले जिल्लामै चुनाव हारेका छन् । दुई प्रदेश सभामा ठेकेदारहरूले चुनाव जितेका छन् । राज्यको नयाँ संरचनापछि पहिलो पटक नेपाली कांग्रेसले प्रदेश तहमा संगठन निर्माण गरेको हो । तर प्रदेश तहका संगठनहरूमा ग्रहण लाग्न सुरु भएको छ । नेविसंघको राजनीतिमा १५ वर्ष र प्राध्यापन पेसामा करिब २५ वर्ष काम गरेका भीमसेनदास प्रधान एकजना निर्माण व्यवसायीसँग वाग्मती प्रदेशको सभापति पदमा चुनाव हारे । नेविसंघको केन्द्रीय अध्यक्ष हुँदै केन्द्रीय सदस्यसमेत भएका गुरुराज घिमिरे मोरङको जिल्ला सभापतिमा विजयी बन्न सकेनन । यी दुई घटना केवल उदाहरण मात्रै हुन् । कांग्रेसमा सिद्धान्त र नैतिकता क्रमशः पाखा लाग्दै गएको देखिन्छ ।

नेपाली कांग्रेसको ७५ वर्ष लामो इतिहास छ । तर स्थापनाको छोटो अवधिमै कांग्रेस विभाजन भएको थियो । दाजु मातृकाप्रसाद र भाइ बीपी कोइरालाबीचको टक्करले आफैंले लडेर ल्याएको प्रजातन्त्र कांग्रेसले जोगाउन सकेन । बीपी पार्टी सभापति थिए जतिबेला मातृका प्रधानमन्त्री बने । नेपाली कांग्रेसको २००९ साउन ६ गते बसेको कार्यसमितिको निर्णयले कांग्रेस फुटेको थियो । 'हाम्रो मुलुक अयोग्य शासनले गर्दा अराजकता र अशान्तितिर ढल्किन लागेको छ । अब एउटा दरिलो खँदिलो र बलियो सरकारले मात्र मुलुकलाई यस घातक स्थितिबाट जोगाउन सक्छ । यसैअनुसार प्रधानमन्त्रीज्यूलाई मन्त्रिमण्डलमा अहिले भएको संस्थाका सात जना मात्र सहयोगी राख्ने सल्लाह दिंदा उहाँहरूको नामावली पनि दिइयो तर त्यो सल्लाह प्रमज्यूले मान्नुभएन । त्यसपछि पनि कार्यकारिणीद्वारा दिइएको त्यससम्बन्धी सल्लाह प्रमज्यूले नमान्नु भएकाले अब का.स.ले प्रमज्यूलाई आफ्ना अरु साथीहरूसहित सरकारबाट राजीनामा दिन आदेश दिन्छ । दाजुभाइबीचको शक्ति संघर्षको होडले बीपीले मातृकालाई सरकारबाट मात्र फिर्ता बोलाएनन्, पार्टी निर्णय नमानेको भन्दै कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी हटाइदिए ।

बीपी र मातृकाको विवादलाई नजिकबाट नियालेको इन्डियन नेसन २२ जुलाई १९५२ मा लेखेको थियो- 'नेपाली कांग्रेसका प्रमुख नेताहरूलाई यो थाहै होला कि उनीहरूको कुनै ठूलो मतभेद नेपाली कांग्रेसका लागि मात्र हानिकारक छैन, अपितु संस्था र देशमा अहिले चलेको प्रजातान्त्रिक प्रणालीको प्रयोगका निमित्त हानिकारक सिद्ध हुन्छ ।'

ग्रिष्मबहादुर देवकाटाद्वारा लेखिएको 'नेपालको राजनीतिक दर्पण-१ पुस्तकले यो विषय समेटेको छ । भाइ भाइबीचको शक्ति संघर्षले १०४ वर्ष लामो राणाकालको अन्त्यसँगै स्थापना भएको प्रजातन्त्र धर्मराउन पुग्यो । राजा त्रिभुवनले संविधानसभाको चुनाव नै गराएनन् । ०१५ सालमा अनेकौं दबाबपछि राजा महेन्द्रले आमनिर्वाचन गराए । कांग्रेसले दुईतिहाई बहुमत ल्यायो र बीपी प्रधानमन्त्री बने । तर २०१७ पुस १ गते तत्कालीन संविधानको धारा ५५ को प्रयोग गर्दै राजा महेन्द्रले सैन्य 'कु' द्वारा आफ्नो हातमा सत्ता लिए । यस घटनापछि ०४६ सालको संयुक्त जनआन्दोलनले मात्र पुनः प्रजातन्त्र देशमा स्थापना हुन सक्यो र नेपाली जनता रैतीबाट नागरिक बन्न पाए ।

मातृका र बीपी कृष्णप्रसाद कोइरालाका दुई पत्नी मोहनकुमारी र दिव्याका सन्तान हुन् । दिव्यातर्फका बीपीसाथै अरु तीन छोरा केशवप्रसाद, तारिणी र गिरिजाप्रसाद हुन् । बीपी र मातृकाबीचको द्वन्द्वका कारण पार्टीले विभाजन बेहोरेको सात दशकपछि यतिखेर कोइराला परिवारको तेस्रो पुस्ता कांग्रेस नेतृत्वमा पुग्न तम्सिएको छ । १३ औं महाधिवेशनको सम्मुखमा तत्कालीन कांग्रेस सभापति सुशील कोइरालाको निधनसँगै कांग्रेसको मूल नेतृत्वबाट 'कर्नर' परेको कोइराला परिवार १४ औं महाधिवेशनमा नेतृत्वमा पुग्ने कसरतमा छ ।

व्यापारिक पृष्ठभूमिका कृष्णप्रसाद कोइरालाको पनि राणाशासन विरोधी आन्दोलनमा योगदान थियो । बाबुबाट प्रेरणा पाएर नै मातृका, बीपी, केशवप्रसाद, तारिणी र गिरिजाप्रसाद राजनीतिमा होमिएका थिए । केशवप्रसाद र तारिणीबाहेक कृष्णप्रसादका तीनवटै छोरा मुलुकको प्रधानमन्त्री पनि बने । तिनै बीपीका जेठा छोरा प्रकाश कोइराला कांग्रेस राजनीतिमा सक्रिय रहे पनि ०६१ सालको शाही कदमपछि तत्कालीन राजा ज्ञानेन्द्रको अध्यक्षतामा बनेको सरकारमा वातावरण, विज्ञान तथा प्रविधि मन्त्री बने । त्यससँगै उनी कांग्रेस राजनीतिमा असान्दर्भिक सावित भए । माइला श्रीहर्ष राजनीतिमा खासै चर्चमा छैनन् । चिकित्सा पैसाबाट बिदा लिएर बीपीका कान्छापुत्र सशांक कोइराला अहिले कांग्रेस महामन्त्री छन् ।

कृष्णप्रसादका माइला छोरा राजनीतिक कम पारिवारिक व्यवस्थापनमा बढी सक्रिय थिए । उनका कान्छा छोरा हुन् डा.शेखर कोइराला । नेतृ सुजाता तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसादकी एकमात्र छोरी हुन् । बीपी, केशव र गिरिजाका कान्छा सन्तानहरू सशांक, शेखर र सुजाता कांग्रेस नेतृत्वको दौडमा छन् । कोइराला परिवारको विरासत पार्टीको १४ औं महाधिवेशनबाट आफूमा केन्द्रित गर्न उनीहरू सक्रिय छन् । आफूबाहेक देउवालाई अरुले पराजित गर्न नसक्ने दाबी गर्दै आएका छन् । तर यी तीनबीचको शक्ति संघर्ष भने स्वाभाविक र सुमधुर नरहेको निकटहरू बताउँछन् ।

इतर पक्षबाट कांग्रेसका लौहपुरुष मानिएका गणेशमान सिंह पुत्र प्रकाशमान सिंह पनि सभापतिको दौडमा छन् । उपसभापति र महामन्त्री भइसकेका सिंह पनि देउवालाई आफूले मात्र हराउन सक्ने बताइरहेका छन् । संस्थापन पक्षबाट रामचन्द्र पौडेल पनि सभापतिका आकांक्षी छन् । सुजाता र सशांकले मैदान खाली गर्ने संकेत गरेपछि प्रकाशमान र शेखरबीच सहमतिको आवश्यकता छ । यी दुईले सहमति गरे आफ्नो दाबी छोड्ने पौडेलले बताएका छन् । पौडेललाई प्रधानमन्त्री प्रकाशमानलाई राष्ट्रपति बनाउन सकिने धारणा शेखरले राखेका छन् । प्रकाशमान र शेखर दुवैले एक पद मात्र लिने बताएका छन् । उधारोमा प्रधानमन्त्री र राष्ट्रपतिमा सहमति जुट्ने सम्भावना प्रवल छ । ६ वटा प्रदेशको कुल भोट जोड्दा देउवा पक्षको ४ हजार दुई सय ४० पुग्छ भने इतर पक्षको ३ हजार ८ सय ३६ हुन्छ । संस्थापन पक्षको ६० र इतर पक्षको ४० प्रतिशत मत रहेको प्रदेश अधिवेशनले पुष्टि गरिसकेको छ । संस्थापनमा कृष्णप्रसाद सिटौलाको १० प्रतिशत मत रहेको आंकलन गरिएको छ । तर अर्का सभापतिका उम्मेदवार विमलेन्द्र निधिको कति मत हो ? भन्ने खुलेको छैन । संस्थापन पक्षको मत निधिले कति काट्छन् त्यसमै देउवाको हारजित निर्भर छ ।

कांग्रेस महाधिवेशन सिर्फ नेतृत्व चयन गर्न मात्र सीमित हुनेछ । नीतिपछि नेता छान्नुको साटो पहिला नेता छानेर पछि नीतिगत महाधिवेशन गर्ने निर्णय गर्दै १४ औं महाधिवेशन कांग्रेसले नेता छान्ने कर्मकाण्डमा मात्र सीमित गरेको छ । महाधिवेशनले पार्टीलाई कसरी अघि बढाउने, जनतामाझ कसरी लिएर जाने भन्ने नीति र कार्यक्रम समेत तय गर्नुपर्ने हो । तर नेताले नेतृत्वमा मात्रै ध्यान केन्द्रित गर्दा १४ औं महाधिवेशन महोत्सवमा होइन औपचरिकतामा सीमित हुने भएको छ ।

## एमालेले...

आगामी २८ मंसिरबाट सुरु हुने संसद् अधिवेशनमा एमालेको अवरोध कायम राख्ने उनको भनाइ छ । संसदमा आफहरूले उठाएका एजेन्डाको सम्बोधन नभएसम्म संसद् चल्नै नसक्ने ज्ञवालीको भनाइ छ ।

पार्टीले कारबाही गरेका सांसद संसद भवनमा रहेसम्म संसद् नचल्ने उनको भनाइ छ । उनले १०औं महाधिवेशनबाट एमालेभित्र गुट र उपगुट सकिएको भन्दै अबको तीन महिनाभित्र एमालेले सरकारका नराम्रा कामको भण्डाफोर र पार्टी सदस्यता विस्तारमा केन्द्रित हुने बताए ।

## खोपले...

देखाएको बताएका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनका प्रमुख मेडिकल सल्लाहकार डा.एन्थोनी फाउसीले सिएनएनलाई दिएको एक अन्तर्वार्तामा ओमिक्रोनको गम्भीरताका विषयमा निष्कर्षमा पुग्नुअघि अझै धेरै अध्ययन आवश्यक रहेको बताए।

सबैभन्दा पहिला यो भेरिएन्ट देखिएको मुलुक दक्षिण अफ्रिकाबाट प्राप्त प्रारम्भिक प्रतिवेदनले पनि यो भेरियन्टका कारण अस्पताल भर्ना हुनेको संख्या डरलाग्दो हिसाबले बढोत्तरी नभएको सूचना दिएको छ।

'यो भेरियन्टका कारण रोगको जटिलता त्यति धेरै देखिएको छैन। तर यो जटिल नभएको र यसले डेल्टाको तुलनामा गम्भीर हिसाबले बिरामी नपार्ने भनेर लापरबाही नगरी सावधान हुन जरुरी छ,' डा। फाउसीले भने । अमेरिकाका एकतिहाइ राज्यमा ओमिक्रोन देखिएको छ।

उता विश्व स्वास्थ्य संगठनकी इपिडिमियोलोजिस्ट डा।मारिया भान करकोभले ओमिक्रोन डेल्टाभन्दा कम खतरनाक रहे पनि समस्याजनक रहेको तर्क गरेकी छन् ।

अमेरिकाको सिबिएस च्यानललाई दिएको एक अन्तर्वार्तामा उनले भनिन्, 'मध्यम खाले लक्षण भएका ओमिक्रोनका धेरै बिरामी भएको अवस्थामा अस्पताल भर्ना गर्नुपर्नेको संख्या बढ्न सक्छ, विश्वभर डेल्टा व्यापक रूपमा फैलिरहेको अवस्थामा हामीले त्यस्तो स्थिति आउन दिनु हुँदैन,' उनले भनिन् ।

## दशौं स्मृति...

नेकपा मालेका नेता कुमार बेल्वासे, नेपाल पत्रकार संघका सभापति डा. मञ्जुरत्न शाक्यलगायत नेपाल कोरिया मैत्री संघका सदस्यहरूले कार्यक्रमलाई सम्बोधन गर्दै महान नेता किम जोङ इलको आफ्नो खुट्टामा आफैं उभिएर आत्मनिर्भरताको पहिचान दिन सक्ने जुछे विचारधाराको माध्यमबाट प्रजग कोरियाले गरेको प्रगति र अमेरिकी साम्राज्यवादका विरुद्धमा संघर्ष गरेर कोरियालाई विश्वमा सक्षम, दरिलो, आत्मनिर्भर र स्वाभिमानी राष्ट्रका रुपमा उभ्याएर विशिष्ट र उदाहरणीय कार्य गरेको बताउनुभयो ।

कार्यक्रमको अध्यक्षता गरिरहनुभएका माले महासचिव सीपी मैनालीले महान नेता किम जोङ इलको योगदानको चर्चा गर्दै उहाँले सिकाएको आत्मनिर्भरताको बाटो सबैले अनुशरण गर्न आवश्यक रहेको बताउनुभयो । अमेरिकी साम्राज्यवादको विश्वव्यापी हस्तक्षेप रोक्न महान नेता किमले देखाएको बाटो वर्तमानमा उत्तिकै सान्दर्भिक रहेको उहाँले बताउनुभयो । उत्तरकोरियालाई आणविक शक्ति सम्पन्न राष्ट्र बनाएर नेता किमले अमेरिकी साम्राज्य वादको हस्तक्षेपबाट कोरियालाई जोगाउनुभएको थियो ।

कार्यक्रममा नेकपा माले तथा कोरियाका नेपाली मित्रहरूले कोरियाका सर्वोच्च नेता किम जोङ उनलाई पठाएको पत्र प्रजग कोरियाका राजदूतलाई हस्तान्तरण गर्नुभयो । अंग्रेजी भाषामा लेखिएको पत्र माले नेता क.सुरेन्द्र ढकालले वाचन गर्नुभएको थियो । कार्यक्रममा महामहिम राजदूत जो योङ मानले आयोजकलाई धन्यवाद दिँदै प्रजग कोरियाले हासिल गरेका उपलब्धिको चर्चा गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन नेपाल कोरिया मैत्री संघका फणीन्द्र पन्तले गर्नुभएको थियो ।

## मन्त्रीकी...

मन्त्रीले बुहारीलाई नियुक्ति दिएको विषयमा लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ-नेपालले पनि विरोध जनाएको छ । यो संस्था सत्तारुढ नेपाली कांग्रेस निकट गैरसरकारी संस्थाहरूको संगठन हो । महासंघका महासचिव मनोजकुमार कँडेलले ज्ञापन पत्र बुझाउँदै मन्त्रीलाई निर्णय सच्याउन ध्यानाकर्षणसमेत गराएका छन् । 'सुशासन ऐनको दफा ६, ८ र १८ ले सार्वजनिक उत्तरदायित्व बहन गर्नुपर्ने व्यक्तिले परिवारका सदस्यलाई सार्वजनिक पदमा नियुक्त गर्ने कुरालाई सार्वजनिक उत्तरदायित्व पूरा गरेको मान्दैन' उनले बुझाएको ज्ञापन-पत्रमा भनिएको छ, 'मन्त्रीज्यूले परिवारका सदस्यहरूलाई मन्त्रालय तथा परिषद्मा नियुक्त गर्दा सार्वजनिक उत्तरदायित्व निर्वाह गर्दा स्वार्थको बझाइ हुने स्पष्ट देखिन्छ ।'

ज्ञापन पत्रमा महिला तथा बालबालिका मन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्बाट सिफारिस भएको गलत निर्णय नसच्याए राष्ट्रव्यापी विरोध कार्यक्रम अघि बढाउने पनि भनिएको छ । सुरुमा बुहारी भएको अस्वीकार गरेकी उनले पछि 'दलहरूबीच भागभण्डाबाट हुने नियुक्तिमा आफू एक्लैले केही गर्न नसक्ने' दाबी गरिन् । उनले थपिन्, 'सबै दलहरू कोटा विभाजन गरेर प्रधानमन्त्रीले भनेको जे हुन्छ, मैले त्यही लाने हो । मेरो तहबाट त्यो हुँदै हुँदैन ।'

तर मन्त्रिपरिषद्लाई मन्त्रीज्यूले नै सिफारिस गर्ने होला नि भन्ने प्रश्नमा रेग्मीले 'पद नपाएपछि एनजीओहरू आफ्नो पछि लागेको' दाबी गरिन् । सँगै उनले आफ्नी बुहारी सक्षम रहेको पनि जिकिर गरिन् । मन्त्री रेग्मीले भनिन्, 'मेरो छोरा बुहारी सक्षम छन् भनेर राज्यले पत्यायो भने उनीहरूले गरेर खान नपाउने ?'

### छोरालाई नियुक्ति दिलाउन चलखेल

बुहारी मात्र होइन, मन्त्री रेग्मीले छोरा विजयलाई पनि आफू अध्यक्ष रहेको बालअधिकार परिषदमा ल्याउने प्रयास गरिरहेकी छन् । छोरा विजयलाई नियुक्त गर्न सहज हुने गरी उनले बालबालिकासम्बन्धी नियमावली ल्याउने तयारी थालेको मन्त्रालयका एक उच्च अधिकारीले बताए ।हालको नियमावली अनुसार परिषद्का कार्यकारी निर्देशकको पदावधि चार वर्ष हुन्छ । तर नयाँ नियमावलीमा 'यस नियमावली आउनुपूर्व भएको कार्यकारी निर्देशकको नियुक्ति यस नियमावली लागू भएपश्चात समाप्त भएको मानिनेछ' भन्ने वाक्यांश राखेर हालका कार्यकारी निर्देशकलाई हटाउन खोजिएको ती अधिकारीले बताए ।

नयाँ नियमावलीमा रेग्मीले उपाध्यक्ष रहने व्यवस्था पनि थपेर छोरा विजयलाई नियुक्त गर्ने प्रयास गरिरहेको ती अधिकारीको दाबी छ । उनी भन्छन्, 'यसैका लागि सहज हुने गरी बाल अधिकार, बाल संरक्षण, बाल कल्याण वा बाल न्यायका क्षेत्रमा कम्तीमा पाँच वर्षदेखि काम गरेका व्यक्तिमध्येबाट नेपाल सरकारले मनोनयन गरेका व्यक्ति नियुक्त गर्न सकिने प्रावधान राख्न लागिएको छ ।' जबकी, नियमावलीमा कार्यकारी निर्देशक बन्न बाल अधिकार तथा बाल संरक्षणको क्षेत्रमा कम्तीमा १० वर्ष काम गरेको हुनुपर्ने व्यवस्था छ । एक अधिकारी प्रश्न गर्छन, 'खुला प्रतिस्पर्धाबाट आउने कार्यकारी निर्देशककै योग्यता १० वर्ष मागिएको छ भने त्योभन्दा माथिल्लो पद उपाध्यक्षको त अझ बढी हुनुपर्ने हो । छोरालाई सहज हुने गरी ५ वर्ष अनुभव भए पुग्ने व्यवस्था राखिएको हो ।'

मन्त्री रेग्मी चाहिँ छोरा विजयले 'बुद्धिमान' भएकाले एक पैसा नलिई मन्त्रालयमा सहयोग गरिरहेको दाबी गर्छिन्। आफू अध्यक्ष भएकाले परिषद्मा पनि 'सानोतिनो सहयोग' गरिरहेको उनले बताइन् ।

## ६ निर्माण...

दफा ६३ को उपदफा ९१० बमोजिम ती कम्पनीलाई कालोसूचीमा राखिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सडक डिभिजन कार्यालय लहानको सिफारिसमा निलगिरि निर्माण सेवालाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ । त्यस्तै सर्लाहीको चन्द्रनगर गाउँपालिकाको सिफारिसमा एलिट कन्स्ट्रक्सन कम्पनी तथा तारकेश्वर नगरपालिका काठमाडौंको सिफारिसमा च्याङ्गासी निर्माण सेवालाई दुई-दुई वर्षका लागि कालोसूचीमा राखिएको छ ।

यसैगरी एसएसएम कन्स्ट्रक्सन प्रालि, त्रिदेव निर्माण सेवा र एसएनसी निर्माण सेवा प्रालिलाई एक-एक वर्षका लागि कालोसूचीमा राखिएको सो कार्यालयले जनाएको छ । ती कम्पनीले कालोसूची अवधिभर सरकारी निकायको कुनै पनि खरिद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन् । कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तरता हुने कार्यालयले जनाएको छ ।

## खाद्य...

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रालयलाई १६ कात्तिकमा नष्ट गर्नुपर्नेमा नगरी ४ सय ८७ क्विन्टल बास्मती चामल नयाँ चामलमा मिसाई १९ सय ९० क्विन्टल चामल सुर्खेत पठाएको सम्बन्धनमा छानबिन गरी १५ दिनभित्र मन्त्रालयको प्रतिक्रिया आयोगको कानुन तथा निर्णय कार्यान्वयन महाशाखामा उपलब्ध गराउनु भनेर पत्र पठाएको थियो । तर, मन्त्रालय सो पत्रको समेत बेवास्ता गरिरहेको छ । आयोगले मन्त्रालयलाई पत्र पठाएको महिना दिन बढी भए सकेको छ तर मन्त्रालयले सो पत्रको कुनै प्रतिक्रियासमेत दिएको छैन ।

खाद्य कम्पनीसँग नेतृत्व तहसम्मकै रोजीरोटी जोडिएका हुँदा कम्पनीमा भएको बेथिति सरकारले नै बेवास्ता गर्ने गरेको राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जन बताउँछन् । कम्पनीले कुहिएको चामल रि-पोलिसिङ गरी नयाँ चामल मिसाएर कुहिएको चामलको मूल्य नयाँ चामलको मूल्यमा बिक्री गर्नु भ्रष्टाचार भएको अध्यक्ष महर्जनको भनाइ छ । कम्पनीका कर्मचारीले गरेको भ्रष्टाचारको पैसा नेतृत्व तहसम्मका व्यक्तिका हातमा पनि पुग्ने हुँदा सरकारले खाद्यका कर्मचारीलाई कारबाही गर्न छोडेर उल्टै प्रोत्साहित गर्ने गरेको अध्यक्ष महर्जन बताउँछन् ।

खाद्य कम्पनीका कर्मचारीको लापर्बाहीले कम्पनीको गोदाममा कुहिएको ४ सय ८७ क्विन्टल बास्मती चामल कुहिएको दुई वर्षअघि नै पाइएको थियो । सो चामल खान योग्य नहुँदा नष्ट गर्नुपर्ने भन्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौं जिल्ला प्रशासन कार्यालय र कम्पनीकै कर्मचारीको रोहवरमा गोदाममा सिल गरेको थियो । सोही कम्पनीले गत भदौ महिनामा कुहिएको बास्मती चामल रि-पोलिसिङ बिक्री सुर्खेत पठाई बिक्री गरिसकेको छ । कम्पनीले ४ सय ८७ क्विन्टल कुहिएको बास्मती चामल रि-पोलिसिङ गरी ४ सय १ क्विन्टल चामल भएकोमा नयाँ चामलमा मिक्स गरी १९ सय ९० क्विटल चामल बनाएर सुर्खेत थियो ।

कम्पनीले खाद्य प्रविधि तथा गुणस्तरलाई नै झुक्याउने गरी कुहिएको चामल रि-पोलिसिङ नयाँ बास्मती चामलमा मिक्स गरी पठाएको थियो । खाद्य कम्पनीकै एक उच्च अधिकारीका अनुसार गुणस्तर परीक्षण गर्दा पनि थाहा नहुनेगरी नयाँ चामलमा मिक्स गरेर पठाएको थियो । कर्मचारीको आन्तरिक मिलेमतोमा कर्णालीका दुर्गम जिल्लामा बिक्री गर्दा थाहा नहुने हुँदा नै सात वर्षअघिको कुहिएको बास्मती चामल सुर्खेत पठाएको अधिकारीले जानकारी दिए ।

उच्च अधिकारीले खाद्य कम्पनीमा राजनीति पहुँचका आडमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोहनप्रकाश चन्द, विभागीय प्रमुख भीमबहादुर थापा, माधवप्रसाद अर्याललगायतका कर्मचारीको आन्तरिक मिलेमतोमा मनलाग्दी गरिरहेको बताए । अख्तियारदेखि सरकारको नेतृत्व तहसम्म राजनीति पहुँच देखाएर आफूभन्दा तलका कर्मचारीलाई आफ्नो नियन्त्रण राखेर मनपरी गरिरहेको अधिकारीले बताए । उनले त्यहाँ काम गर्ने कर्मचारीलाई सरुवा गर्ने, नलम्बित गर्नेजस्ता धम्कीसमेत दिने गरेको बताए ।

## भगवान....

कोठारका निरिक्षण, ८ वा १५ दिनमा हाथी, घोडा (सवारी)को निरिक्षण, महिनामा कपडाको देखभाल, तेस्रो दिनमा पालित् सुग्गा-कोयलको भने प्रति छह माहमा सीमामा नियुक्त अधिकारिको निरिक्षण, सर्वदा राज्यनिवासीलाई ध्यान दिने, प्रति महिना सेना तथा बगैंचा निरिक्षण, छैठौं महिनामा कुंवा-बावली (पानीको स्रोत)को निरिक्षण पडताल गर्नुपर्छ । सके प्रति ३ महिनामा नसके ६ महिवा वा वर्षदिनमा राजा सेनाको साथ राज्यको दौरा गरि ब्राम्हण, देवता, यति तथा गुरूजनको सन्तोषको जांच गर्नुपर्छ । अर्थको काम स्वयं हेर्ने, आयको चौथाईमात्र खर्च गर्ने, विकट परिस्थितीमा बढीमा तृतीयांश खर्चने, सेनापति, मन्त्रीलाई तथा आफू नजिक रह्नेलाई सदा दानमानले खुशी राख्ने, न बढी रीस राख्ने र न कसैसंग बढी प्रेम गर्ने, दुर्ग (किल्ला)को रक्षकसंग कहिल्यै विरोध नगर्ने ।

त्यस्तै, खाना (तोप, गज आदि) निवासी, राजधानीभन्दा टाढा नगरनिवासी, पर्वत/दुर्ग/जंगल निवासी, टापु वा तट निवासी, परदेशी, द्वीपान्तरनिवासी तथा कुनैपनि देशका निवासीसंग राजाले बराबर हेरचाह गर्ने । गुप्तरूपधारी, संन्यासीवेषधारी, अवधूत, वणिक् तथा नागावेशधारीबाट अन्य राज्यको समाचार संकलन गर्नुपर्छ र प्रतिवर्ष नयां अधिकारी नियुक्त गरियोस्, प्रदेशाधिकारीको चांडो सरूवा गर्ने, अन्य राजाको सेना तथा सैन्यबलको बराबर निगरानी, अर्को देशको गुप्तचर आफ्नो देशमा देखापरेमा दण्ड नदिई छोडिदिने तर उसको अभिप्रायलाई बुझ्ने, आफ्ना सीमाका दूतलाई नियमित शिक्षित पार्ने । देश, काल, बल, कोष र स्वयंको उत्साह हेरि आफ्नो बल, मित्रको बल, मित्रको मित्रको बल तथा सुहृद्को सुहृद्योंको बल विचार गरि शत्रुको बल निरिक्षण गर्ने, शत्रुको उत्कर्ष सुनेर धैर्य नगुमाउनु, को राजा आफूलाई साथ दिन्छ वा शत्रुलाई, फेरी शत्रुको शत्रुसंग मित्रता गांस्ने, अरूको शत्रुको कि रक्षा नगर्नु वा राम्ररी गर्नु, शत्रुको सेना कुनै प्रकार धोखाले निकट आएमा सुरक्षा दिने, शत्रुको मित्र तथा सुहृद्का सेनाको रक्षा गर्नु, शत्रु राष्ट्रका पर्वत, नदि, वन, दुष्टहरूको बाटो, जलाशय, गुप्तचरको बाटो आदिको ज्ञानलिई आफ्नो राज्यको सुरक्षाको प्रबन्धगरि मात्र आक्रमण गर्ने, संग्रामभूमीबाट नभाग्ने, शत्रुलाई आफ्नो पीठ्यूं नदेखाउने ।

श्रीरामले राजनीति सिकाउंदै गए- द्वारपाल, पानी पिलाउने सेवक, धोबी र नाईं (हजाम) माथि कहिल्यै विश्वास नगर्नु, धोबीले ल्याएका लुगा चेकजांच गरि लाउनु भने नाईंलाई धेरै रूपैया-पैसा दिएर खुशी राख्नु, पानको बीडा पहिला एउटा अरूलाई ख्वाउनु पछि अर्को आफू चपाउनु, पानीपहिला परिक्षण गरि आंखाले हेरेर मात्र पिउनु, अरूले दिएको फललाई जांच गरि मात्र सेवन गर्नु । अन्य राजा भेट्न आउंदा उनीसंग टाढाबाट नै भेट्ने, प्रतिदिन एक वा दुई चोटीमात्र राजसभामा जाने तर आधी प्रहरभन्दा बढी नबस्ने, सभामा गोडा फैलाएर नबसी घुंडा सिंकुडाएर बस्ने, सभामा बढी नहांस्ने, सभामा कहिल्यै फोहर लुगा नलाउने, सभामा कवचधारण गरि बस्ने, चुपचाप बस्ने त्यहां, नथुक्ने, कपाल नकन्याउने, घरायसी काम सभामा नगर्ने, आफूसंग द्वेष गर्नेलाई नगरनिकाला गर्ने, सदैव गणिका, गणक -ज्योतिष), वैद्य, गायक, बन्दीजन, नट, पण्डित, धर्मशास्त्री, सैनिक, वैदिक तथा ब्राम्हणलाई दानमान गरिर प्रसन्न राख्ने, सबैलाई सम्मान गर्दै कहिल्यै प्रजालाई व्यर्थ दण्ड नदिने, प्रजामा क्लेश हुन नदिने । राजद्वारको दूतले जहिल्यै पनि राजालाई भेट्न आउनेलाई लबादे उतार्नलगाई परतल खुलाउन लाउने, भेट्नेको अस्त्रशस्त्र त्यहीं राख्ने, राजासंग भेट्नेले प्रणाम गरि संकेतित आसनमै बस्ने, माण्डलिक राजा (एउटा मण्डलको राजा वा आजको जमानामा मुख्यमन्त्री)को लागि राजाको सम्मुख कुर्सी राखिने र माण्डलिक राजाले नहांसी, न जम्हाई लिई, पटकपटक हाछ्यूं नगरि अगाडी हातगोडा राखिकन राजामाथि हेर्दै बस्ने, माण्डलिकले आउंदा जांदा बारम्बार प्रणाम गर्ने ।

राजाले हाथी, गर्भिणी मृगी, पानी पिउंदै गरेको जीव, निद्रावस्थाको जीव र शरणमा आएको जीवको शिकार कहिल्यै गर्नुहुंदैन, शिकार खेल्नु अगावै आठवटै दिशामा मान्छेलाई नियुक्त गर्ने । रात्रीमा मित्रसंग कम्बल ओढेर स्वयं वा मित्रद्वारा महलबाहिर सहर (पुर) द्वारका अर्गलादण्ड निरिक्षण गरि अटपट कुरा गर्नेलाई सुन्ने, सपरिवार डुङ्गामा सयर नगर्ने, बजार वा कुनै चौराहामा नबस्नु, आफ्नी स्त्री/पुत्रलाई नधम्क्याउने, नगरबाहिर मोहरलागेको पत्र दिएरमात्र प्रजालाई जाननदिने (पासपोर्ट जस्तो अनुशासित र परिचय खुलस्त राख्न), नगरभित्रपनि आवतजावत गर्नपनि मोहरपत्र (परिचयपत्र) दिई जानदिने, वन वा बाटामा चोरले चोरी गर्न नपाउन् रूपैया लिएर चोरलाई रिहाई नगर्ने, तीर्थस्थानबाहेक राजाले मुण्डन नगर्ने, पर्वमा घरमा स्नान नगरि तीर्थ जाने, धनुष र वाणलाई गोडाले नछुने, चौपड-पचीसी नखेल्ने, ब्राम्हणको साथ वादविदान बढी नगर्ने, घरको द्वार तथा खुल्ला जमीनमा नबस्ने, बाटोमा पनि नबस्ने र दुःख खेद नगर्ने, महिलाले पानी भर्न जाने ठाउंमा नबस्ने, अन्नलाई सस्तोपार्न बनियां (व्यापारी)लाई दण्ड दिईरह्ने, महंगी बढ्यो भने देशको करभार (ट्याक्स) अलि कम पार्ने, कहिल्यै अतिशठता नगर्ने ।